# एमसिसी अनुदान सहायता सम्झौताः भ्रम र यथार्थ

नेपाली कांग्रेस
केन्द्रीय कार्यालय

# एमसिसी अनुदान सहायता सम्झौता:
# भ्रम र यथार्थ

**नेपाली कांग्रेस**

केन्द्रीय कार्यालय

**प्रकाशक** :
नेपाली कांग्रेस
केन्द्रीय कार्यालय, वी.पी. स्मृतिभवन,
वी. पी. नगर, सानेपा, ललितपुर, नेपाल
टेलिफोन नं.: ५१८३२६३/ ५१८३२६४/ ५१८३२६६/ ५१८३१८९
फ्याक्सः ५१८३१८८
E-mail: info@nepalicongress.org
Internet Access: www.nepalicongress.org

## प्राक्कथन

नेपाली कांग्रेसका सभापतिको नेतृत्वको वर्तमान सरकारको प्रस्ताव र पहलकदमीमा मिति २०७८ फागुन १५ गतेको प्रतिनिधिसभाको वैठकबाट व्याख्यात्मक घोषणा सहित एमसिसी अनुदान सहायता सम्झौता अनुमोदन भयो । सरकारको गठवन्धनका दलहरू नेकपा माओवादी (केन्द्र), नेकपा एकीकृत समाजवादी र जनता समाजवादी पार्टी तथा संसदको अर्को दल लोकतान्त्रिक समाजवादी पार्टीको समर्थन रह्यो। संसदको वैठकमा सहभागी नभएको नेकपा एमालेले पनि प्रत्यक्ष परोक्ष रूपमा यसको पक्षमा आफुलाई उभ्यायो र अनुमोदन पश्चात यसको कार्यान्वयमा जोड दिदै आफ्नो धारणा सार्वजनिक गऱ्यो । संसदबाट पारित भएपश्चात सरकारले व्याख्यात्मक घोषणा सहितको सम्झौता पठाएपछि सम्झौताको अर्को पक्ष अमेरिकी सरकारी निकाय मिलेनियम च्यालेञ्ज कर्पोरेशन (एमसिसी)ले स्वीकार गरेपश्चात यो कार्यान्वयनको चरणमा प्रवेश गर्छ । २०६६ सालदेखिको पहलबाट २०७४ भदौ २९ गते नेपाल सरकार अर्थ मन्त्रालय र अमेरिकी सरकारी निकाय एमसिसी बीच हस्ताक्षर भएको सम्झौतालाई २०७५ माघ २५ गतेको मन्त्रिपरिषद्को निर्णय बमोजिम २०७६ असार ३० गते अनुमोदनको लागि संसदमा दर्ता गरेपश्चात सम्झौताका विषयमा राजनीतिक वृत्तमा मात्र नभएर आम जनतामा समेत विभिन्न कोणबाट वहस र ध्रुवीकरण भयो । अन्ततः नेपालका केही साना दलहरू बाहेक सवैजसो ठूला राजनीतिक दलहरू यो अनुमोदनको पक्षमा प्रत्यक्ष अप्रत्यक्ष रूपमा उभिएर ठिक ढङ्गले यसको पटाक्षेप भएको छ ।

तर एमसिसी अनुदान सहायता सम्झौता प्रक्रिया यो विन्दुसम्म आइपुग्दाको यात्रा भने त्यति सहज हुन सकेन । एक दशक भन्दा लामो सम्झौता प्रक्रियामा संलग्न विशेषगरी केही पार्टीहरू तथा पात्रहरू दोहोरो प्रवृत्तिका कारण यो विषय यसरी गिजोलिन पुग्यो जसले गर्दा वास्तविकता र आवश्यकता भन्दा धेरै जटिल बन्न गयो । ज-जसले यसलाई गिजोले, जनतामा भ्रम सृर्जना गरे, उत्तेजनाको राजनीति गरे र जुन दोहोरो चरित्र देखाए यसको मूल्याङ्कन आम जनताले गर्ने नै छन् ।

एमसिसी अनुदान सहायता सम्झौता प्रतिनिधिसभाबाट अनुमोदन भैसक्यो, यो कार्यान्वयनको चरणमा जान्छ, अब किन यो बारेमा सोच्नुपऱ्यो भन्ने लाग्न सक्छ । तर, यो विषयलाई यत्तिकै छोड्यौ भने गलत हुन्छ । किनकी, यसमै टेकेर आफ्नो राजनीतिक मैदान खोज्ने र स्वार्थको रोटी सेक्ने प्रवृत्ति अझै विद्यमान छ । तथ्यहीन ढङ्गबाट भएका वहसले एकातर्फ आम जनतालाई नेपाली कांग्रेसका विरूद्ध भ्रमित र यो विषयलाई अतिरञ्जित बनाइएको छ भने अर्कोतर्फ 'राष्ट्रवाद' को नाममा जनमतलाई क्षणिक स्वार्थ र उत्तेजनामा पुऱ्याएर नेपालको विकासको गतिलाई उल्टो दिशामा धकेल्ने प्रयत्न भएको छ जसरी नेपालका कम्युनिष्ट पार्टी यस्तै उत्तेजनामा आएर २६ वर्ष अगाडि अरूण तेस्रो आयोजना गुमाउनु परेको थियो । उत्तेजना अनि भ्रमको राजनीति गर्ने यो प्रवृत्तिलाई यत्तिकै छाडियो भने फेरी जुरमुराउन थाल्छ । यो प्रवृत्तिलाई निरूत्साहित गर्नैपर्छ । यो कांग्रेसको जिम्मेवारी हो, अन्यथा राष्ट्रिय सरोकारका विषयमा सरकारमा हुँदा एउटा र प्रतिपक्षमा हुँदा अर्को धारणा राख्ने र भ्रम र उत्तेजनाको राजनीति गर्ने प्रवृत्तिले राष्ट्रिय हित, परराष्ट्र नीति, हाम्रो अन्तराष्ट्रिय प्रतिवद्धता र कुटनीतिक

शाखलाई समेत कमजोर वनाउछ ।

नेपाली कांग्रेस एमसिसी अनुदान सहायताका सन्दर्भमा शुरूवात देखी नै स्पष्ट थियो । वैदेशिक सहायता अन्तर्गतको यो अनुदान परियोजना नेपाल आफैले छनोट गरेको हो र देशको पूर्वाधार विकासका लागि आवश्यक छ, यो अनुदान सहायता नेपालको संविधान, कानून, परराष्ट्र नीति, आर्थिक कुटनीति र राष्ट्रिय हित अनुकूल भएकोले यसको कार्यान्वयन हुनुपर्छ भन्ने धारणामा सरकारमा हुँदा होस् वा प्रतिपक्षमा रहँदा प्रष्ट थियो । प्रतिपक्षमा भएको बेला पनि संसदबाट अनुमोदनका लागि आफ्नो प्रष्ट समर्थन रहेको धारणा सहित मिति २०७६ पौष ११ मा नै देहाय बमोजिमको निर्णय गरेको थियो ।

> "मुलुकको आर्थिक समृद्धिका लागि नेपाली कांग्रेसको नेतृत्वमा रहेको सरकारले हालसम्मकै सबै भन्दा ठूलो अनुदान सहयोग सम्बन्धी अमेरिकी सरकारसँग गरेको सम्झौता मिलेनिमय च्यालेन्ज कर्पोरेसन (एमसिसी) लाई यो या त्यो बहानामा अवरूद्ध बनाउन खोजिएको घटनालाई गम्भीरतापूर्वक लिंदै यो बैठक सम्झौतालाई संसदमा यथाशीघ्र पेश गर्न सरकार समक्ष माग गर्दछ । सम्झौतालाई संसदबाट अनुमोदन गर्न नेपाली कांग्रेसको प्रष्ट समर्थन रहने निर्णय यो बैठक गर्दछ ।"

नेपाली कांग्रेसले सरकारमा एउटा प्रतिपक्षमा रहँदा अर्को धारणा कहिल्यै बनाएन। यस्तो संवेदनशील विषयमा भोटको राजनीतिको विषय पनि बनाएन । त्यसकारण एमसिसी सम्झौतालाई प्रतिनिधिसभामा अनुमोदनका लागि प्रस्तुत गर्नु सरकारको राजनीतिक कर्तव्य हो भन्ने ठानेर मिति २०७८ फागुन ३ को पार्टीको वैठकले एमसिसी अनुमोदनका सम्बन्धमा पुनः देहाय बमोजिमको निर्णय गर्‍यो–

> "२०६८ सालमा तत्कालीन नेकपा माओवादीको नेतृत्वको सरकारको समयमा नेपाल एमसिसी थ्रेसहोल्ड कार्यक्रममा छनोट भएको, त्यसपछिका सवै सरकार हरूले विभिन्न प्रक्रिया पुरा गर्दै तत्कालीन नेकपा नेतृत्वमा रहेको केपी शर्मा ओलीको सरकारको मिति २०७५ माघ २५ गतेको मन्त्रिपरिषद्को वैठकबाट निर्णय गरी २०७६ असार ३० गते अनुमोदनको लागि संसदमा दर्ता गरेको ' मिलेनियम च्यालेन्ज कम्प्याक्ट' अनुदान सहायता सम्झौतालाई प्रतिनिधि सभामा यथाशीघ्र प्रस्तुत गरी अनुमोदन गर्नुपर्दछ ।"

यस अबस्थामा नेपाली कांग्रेसका प्रत्येक सदस्यले यो प्रकरणमा पार्टीले लिएको धारणा र अडान थाहा पाएर मात्र हुँदैन यसको प्रतिरक्षा गर्न सक्नुपर्छ, भ्रम चिर्न सक्नुपर्छ, कुनै लघुताभास नराखी वहस गर्नुपर्छ, समाजमा उठेका एक एक प्रश्नको उत्तर दिनसक्नुपर्छ । नेपाली जनतालाई सधैं उत्तेजित वनाउने र राजनीति गर्ने प्रवृत्तिको सधैका लागि अन्त्य गराउने अठोट गर्नुपर्छ । एउटै पार्टी, एउटै व्यक्तिले सरकारमा रहँदा र वाहिर हुँदा दोहोरो कुरा गरेको, आफै मन्त्रीपरिषदमा वसेर सम्झौता गर्ने वाहिर आएर जनतालाई राष्ट्रघाती सम्झौता भनेर भ्रम छर्ने पार्टी र व्यक्तिको द्वेध प्रवृत्तिको चिरफार गर्नसक्नुपर्छ ।

नेपाली कांग्रेसका विरूद्ध जनतामा प्रोपोगाण्डा गर्ने कुनै नौलो विषय होइन तर कांग्रेसले जहिले पनि त्यसलाई सहज ढङ्गले संवोधन गर्दै गयो, समयमै चिरफार गर्नलाई त्यति आवश्यक ठानेन । हरेक पटक उनीहरू गलत सावित भए तर फेरी ती र त्यस्तै मुद्दामा जनतालाई कांग्रेसका विरूद्ध भ्रमित पार्ने काम भने गरिरहे ।  जसको कारण कांग्रेसले इतिहासका विभिन्न कालखण्डमा गरेका निर्णयमा अनेकन आरोप खेप्नुपरेको छ । त्यसैले यो पटक जनतामा त्यो प्रवृत्तिको सशक्त ढङ्गले उजागर गर्नुपर्छ । रक्षात्मक होइन वैचारिक रूपमा प्रतिवाद गर्नुपर्छ । प्रत्येक सदस्य तर्क गर्न सक्ने हुनुपर्छ, जनतामा जानुपर्छ र सू-सुचित वहसका माध्यमबाट जनतालाई वास्तविकता वताउनुपर्छ ।  यही सोँचका साथ नेपाली कांग्रेसको कार्यसम्पादन समितिको वैठक मार्फत पार्टी सभापतिको निर्देशन बमोजिम महामन्त्रीको संयोजनमा अत्यन्त छोटो समयमा यो पुस्तिका तयार गरिएको छ ।

यो पुस्तिका लेखन तथा सम्पादन गर्नुहुने नेपाली कांग्रेसका युवा नेता प्रताप पौडेल र महेश दुलालप्रति नेपाली कांग्रेस विशेष आभार प्रकट गर्दछ ।

"एमसिसी अनुदान सहायता सम्झौताः भ्रम र यथार्थ" नामक यो पुस्तिका विशेषत नेपाली कांग्रेसको स्थानीय तहका नेतृत्वमार्फत कार्यकर्ता र जनताका लागि सूसूचित गराउने ध्येयले पार्टीको आन्तरिक प्रयोजनका लागि तयार गरिएको हो । यसको पहिलो खण्डमा हाम्रो अन्तराष्ट्रिय सम्बन्ध र वैदेशिक सहायता के हो, नेपालमा किन आवश्यक छ, कांग्रेस किन ऋण भन्दा अनुदानमा जोड दिन्छ, एमसिसी अनुदान सहायता के हो लगायतका विषय समेटिएको छ । दोस्रो खण्डमा एमसिसी सहायता प्रक्रियामा को को संलग्न थिए, यसका वारेमा उठेका भ्रम र यथार्थताको चिरफार गरिएको छ । पार्टीको बिभिन्न तहमा रहेर अहोरात्र संगठनका लागि खट्ने तमाम सदस्यहरूका लागि विचार, विमर्श र अर्न्तक्रिया गर्न, जनमत निर्माण गर्न, भ्रम चिर्न र वास्तविकता बुझ्न बुझाउन यसले सहज वनाउनेछ । बुझ्न सहयोग पुर्याउने छ भन्ने नेपाली कांग्रेस विश्वास लिएको छ । जय नेपाल !

नेपाली कांग्रेस

केन्द्रीय कार्यालय

## खण्ड १

# अन्तराष्ट्रिय सहायता र एमसिसी

## १. नेपालको परराष्ट्र नीति र अन्तराष्ट्रिय सहायता

नेपालको संविधानले परराष्ट्र नीतिका सन्दर्भमा स्पष्ट मार्गनिर्देश गरेको छ । संविधानको सर्वोच्चता र राष्ट्रिय हितलाई सर्वोपरि राख्दै असंलग्नता, पञ्चशील एवं संयुक्त राष्ट्र संघको बडापत्रले निर्दिष्ट गरेका सिद्धान्तहरूमा आधारित स्वतन्त्र र सन्तुलित नीति नै हाम्रो परराष्ट्र नीति हो। आर्थिक सहयोग वा सहायता लगायत हाम्रा अन्तराष्ट्रिय सम्बन्धहरू यसबाटै निर्देशित रहन्छन, रहनुपर्छ । हाम्रो संविधानको अर्थ सम्बन्धी नीतिले भन्छ– 'वैदेशिक सहायता लिंदा राष्ट्रिय आवश्यकता र प्राथमिकतालाई आधार वनाउँदै यसलाई पारदर्शी बनाउने।' यस्तो अवस्थामा हामीले ध्यान दिने प्रमुख विषय भनेको आर्थिक सहयोग वा सहायता दाताको इच्छा वा प्राथमिकतामा होइन हाम्रो आवश्यकता, प्राथमिकता र हितमा आधारित भएर हुनुपर्छ भन्ने हो ।

नेपाली कांग्रेसको प्रष्ट धारणा राख्छ "राष्ट्रको सर्वोपरि हितलाई ध्यानमा राखि नेपालको संविधान, सयुंक्त राष्ट्रसंघको बडापत्र, असंलग्नता र पञ्चशीलको सिद्धान्त, अन्तराष्ट्रिय कानूनका आधारमा नेपालले स्वतन्त्र परराष्ट्र नीति संचालन गर्नुपर्छ, कुनै पनि देश विरूद्ध नेपाल कहिल्यै प्रयोग हुनहुँदैन। नेपाल कुनै पनि सैन्य गठबन्धनमा कहिल्यै संलग्न नहुने कुरामा प्रष्ट छ। सबै मित्र राष्ट्रहरूसंग सुमधुर सम्बन्ध कायम राख्दै, राष्ट्रिय आवश्यकता, विकास र सम्मुन्तिको राष्ट्रिय स्वार्थलाई मध्येनजर गर्दै नेपालको विकास प्रक्रियालाई गति प्रदान गर्न सबै मित्रराष्ट्रसंग सम्मानपूर्ण ढङ्गबाट सहयोग जुटाउनुपर्छ र सहकार्य गर्नुपर्छ। कुनै पनि त्यस्तो अन्तराष्ट्रिय सहयोग, सहायता र सहकार्य हुँदै गर्दा सदैव नेपालको राष्ट्रिय हित केन्द्रविन्दुमा रहनुपर्दछ ।"

## २. नेपालमा अन्तराष्ट्रिय सहयोग वा सहायता किन आवश्यक छ ?

आफ्ना नागरिकहरूलाई न्यूनतम सेवा र सुविधाको प्रत्याभूति गर्नु राज्यको दायित्व हो । संविधान, कानून र आफ्ना योजनामार्फत् नागरिकसंग गरेका वाचाहरूलाई पुरा गर्न सरकारलाई साधन र स्रोतको आवश्यक पर्छ । त्यस्तो प्रमुख साधन र स्रोत भनेको कर प्रणाली मार्फत संकलन हुने राजस्व हो, त्यो सीमित छ । अर्कोतर्फ राज्यले आफ्ना नागरिकहरूका लागि प्रत्याभूत गरेको वाचा र विकासको चाहना असीमित छ । विकासको आवश्यकतालाई द्रुत गतिमा अगाडि वढाउनु पर्नेछ । स्थानीय तह, प्रदेश र संघीय तहमा विकासको माग अत्याधिक छ ।

यो अवस्थामा नेपालसंग दुइवटा विकल्प छन्, पहिलो, जति स्रोत छ त्यति मात्रबाट गुजारा गर्ने, दोस्रो, आफ्नो भार बहन क्षमता अनुसार देश भित्र र बाहिरबाट स्रोत जुटाउने ।

एउटा सार्वभौम देशले हामी कसैसंग पनि सहयोग लिन्नौं, सम्बन्ध राख्दैनौं जति स्रोत छ

त्यतिमा गुजारा चलाउछौं भन्न सक्छ । तर के यो वुद्धिमतापूर्ण र जनताप्रति उत्तरदायी बाटो हुन सक्छ ? निःसन्देह हुँदैन । नेपालको अहिलेको आर्थिक अवस्था र जनताका विकासका आकांक्षाहरू पुरा गर्न आजको दिनमा वाह्य सहयोग (अनुदान, ऋण र लगानी) आवश्यक छ । त्यसोभए यो जिम्मेवारीको अभिभारा र साधनस्रोतको सीमितका वीच नागरिकलाई सेवा सुविधा प्रदान गर्न र विकासको आकांक्षा पुरा गर्न सरकारले थप स्रोतको खोजी गर्नुपर्नेछ ।

नेपाल आर्थिक विकासको जुन चरणमा छ, पूर्वाधारको व्यापक विकासको आवश्यकता छ । यसको लागि अपार स्रोत(पूँजी) परिचालन गर्नुपर्नेछ । यस अवस्थामा आन्तरिक स्रोत मात्रै परिचालन गरेर त्यो आकांक्षा पुरा हुन सक्दैन, हाम्रो राजश्व वढ्न सक्दैन, कूल ग्राहस्थ उत्पादन बढ्न सक्दैन । यसका लागि पूर्वाधारमा व्यापक लगानी गर्नुपर्नेछ जुन हाम्रो आन्तरिक स्रोतबाट मात्रै संभव नै छैन । स्वदेशी तथा विदेशी निजी लगानीका अलावा त्यसको लागि अन्तराष्ट्रिय सहयोग वा सहायता आवश्यक छ । यसै दृष्टिकोणका आधारमा नेपालले विभिन्न मित्र राष्ट्रहरू एवं वहुपक्षीय दातृ संस्थाहरूबाट आर्थिक एवं प्राविधिक सहायता लिँदै आएको छ र अझै धेरै देशबाट सकेसम्म यस्तो स्रोत जुटाउनुपर्छ । त्यसरी जुटाएको साधनस्रोतको सदुपयोग गर्दै एकदिन हामी आफैं अरूलाई सहयोग गर्ने ठाउँमा पुग्ने सपना र संकल्प लिनुपर्छ ।

सँग-सँगैमा हामी अर्को एक विषयमा पनि प्रष्ट हुन जरूरी छ ।  यसरी संसारका विकसित देशले विकाससिल देशलाई दिने ऋण सहयोग वा अनुदान 'भिख' होइन । राष्ट्रहरू बीचको आर्थिक र विकास मामिलामा रहेको ठूलो असमानताले विश्व अर्थतन्त्र, शान्ति लगायतको विषयलाई नकारात्मक असर परेको भन्ने बुझाईका कारण विभिन्न अन्तराष्ट्रिय मञ्चहरूमा विकसित दातृ राष्ट्रहरूले यस्तो असमानतालाई सम्बोधन गर्नका लागि आफ्नो कूल ग्राहस्थ उत्पादनको निश्चित प्रतिशत विकासशील र अल्प विकसित राष्ट्रहरूलाई विकास सहायता दिने भनेर प्रतिबद्धता जाहेर गरेका छन् । त्यसैगरी सयुंक्त राष्ट्र संघ लगायत अन्तराष्ट्रिय मञ्चहरूमा धनी मुलुकहरूबाट न्यून आय भएका मुलुकहरूलाई आर्थिक सहयोग गरी विकास साझेदारी गर्नको लागि अनुरोध गरिएको हुन्छ। त्यसैले यो विकासशील देशहरूको अधिकार पनि हो। अन्तराष्ट्रिय सम्बन्ध र अर्थतन्त्रका ज्ञाताहरूले यसलाई अन्तराष्ट्रिय रूपमा आय पुनर्वितरणको विधि समेत भन्ने गरेका छन्। अतः अन्तराष्ट्रिय सहायतालाई 'भिख' हो भन्ने किसिमको भाषा प्रोपोगान्डा बाहेक केही होइन । अन्तराष्ट्रिय समुदाय र अन्तराष्ट्रिय अभ्यासले समेत यस्तो अन्तराष्ट्रिय सहायतामा अल्प विकसित र विकासशील राष्ट्रहरूको नैतिक दावी पुग्छ भन्ने कुरा स्थापित विषय हो ।

## ३. के अन्तराष्ट्रिय सहयोग वा सहायता मै निर्भर हुनुपर्छ भन्ने नेपाली कांग्रेसको धारणा हो ?

नेपाली कांग्रेस नेपालको आवश्यकता आफैले पूर्ति गर्नसक्ने अवस्थामा देश पुग्नुपर्छ भन्नेमा स्पष्ट छ र नेपाललाई त्यस अबस्थामा पुर्‍याउन दृढ संकल्पित पनि छ । तर, सत्य के हो भने आजको अवस्थामा नेपालको आर्थिक र विशेष गरी पूर्वाधार विकासको आवश्यकता र

त्यस्तो विकासका लागि आवश्यक पर्ने पूँजीको बीच ठूलो अन्तर छ । हामीसंग आन्तरिक (राष्ट्रिय) रूपमा प्राप्त रहेको स्रोतले पूर्वाधार र सामाजिक विकासको राष्ट्रिय आवश्यकता पूरा गर्न त के चालु खर्च धान्न समेत धौ धौ हुन्छ । हाम्रो विकास खर्च सम्पूर्ण रूपले वैदेशिक ऋण र अनुदानमा निर्भर छ । आ.व. २०७८/०७९ को आँकडा हेर्ने हो भने हामीले संकलन गर्ने राजश्व १० खर्ब २४ अर्ब ९० करोड रहेको छ। अन्तरिक ऋणः २५० अर्ब रहेको छ, चालु खर्चः १० खर्ब ६५ अर्ब  रहेको छ। (संकलित राजस्व बाट चालु खर्च धान्न समेत ४०.१ अर्ब अपुग हुने देखिन्छ) विकास खर्च : ३७४.२६ अर्ब र वित्तीय खर्च (सावाँ ब्याज गरेर): २०७ अर्ब रहेको छ। राजस्व र आन्तरिक ऋण गरेर हाम्रो स्रोत भनेको १२७४.९ अर्ब हो, जसले हाम्रो चालु र विकास खर्च (वित्तीय खर्च बाहेक पनि) १६४ अर्ब अपुग हुन्छ । यस्तो अवस्थामा हाम्रो आवश्यकता अनुसारको विकास खर्च कसरी व्यहोर्ने भन्ने प्रश्न उठ्छ? हाल हाम्रो आन्तरिक र वाह्य ऋण १८ खर्वभन्दा वढी र  हाम्रो कूल ग्राहस्थ उत्पादनको करिव ४२ खर्व जति पुगिसकेको छ ।

हाम्रा विकासका आकांक्षा असीमित छन्, हामीलाई सडक चाहिएको छ, विजुली चाहिएको छ, प्रसारण लाईन चाहिएको छ, विद्यालयको भवन चाहिएको छ, अस्पतालको चाहिएको छ। तर आन्तरिक स्रोतले चालू खर्च समेत धान्न नसकिने अवस्था रहेको छ भने विकासको यो जन आकांक्षालाई कसरी पूरा गर्ने? अर्कोतर्फ शिक्षा, स्वास्थ्य संगै सामाजिक सुरक्षाका थुप्रै विषयहरूलाई संवोधन गर्नुपर्नेछ । वैदेशिक अनुदान सहायता नलिने र भएको सीमित स्रोत पनि  चालु खर्चमा मात्र वाढ्दै गर्दा शिक्षा, स्वास्थ्य र सामाजिक सुरक्षा जस्ता क्षेत्रमा कति बजेट छुट्टाउन सकिएला? यो धरातलीय यथार्थतालाई आत्मसात गर्दै आवश्यकताको यस्तो अन्तरलाई अन्तराष्ट्रिय सहयोग तथा सहायताको माध्यमबाट नै परिपुर्ति गर्नुपर्ने हुन्छ ।

**अन्तराष्ट्रिय सहायताका सम्बन्धमा नेपाली काँग्रेसको धारणालाई मूख्य रुपमा चार बूँदामा समेट्न सकिन्छः**

क) नेपालको यथास्थितिको वित्तीय क्षमता र स्रोतको मध्यनजर गर्दा भौतिक पूर्वाधारको विकास र आर्थिक वृद्धि र विकासका लागि बाह्य स्रोत (अनुदान, ऋण र लगानी) अपरिहार्य छ । त्यस्तो बाह्य स्रोत बिना हामी प्रतिस्पर्धी अर्थतन्त्र हुन आवश्यक पर्ने स्रोत जुटाउन सक्दैनौं । त्यस्तो बाह्य स्रोत मध्येको महत्वपूर्ण स्रोत अन्तराष्ट्रिय दातृ निकायबाट प्राप्त हुने वित्तीय सहायता हो । अतः अन्तराष्ट्रिय सहायता हाम्रो तत्कालको आवश्यकता हो ।

ख) हाम्रो तत्कालको आवश्यकता हो भनेर जे-जस्तो प्रकार र जुनसुकै क्षेत्र र किसिमको अन्तराष्ट्रिय सहायता लिने भन्ने होईन । नेपालको आवश्यकता र प्राथमिकताको क्षेत्रमा अन्तराष्ट्रिय सहायता लिनुपर्छ भन्नेमा नेपाली काँग्रेस स्पष्ट छ । साथै त्यस्तो अन्तराष्ट्रिय सहायता प्रत्यक्ष रूपमा आर्थिक वृद्धि र विकाससंग सम्बन्धित हुनुपर्छ । हामीले यसरी लिने अनुदान सहयोगको उच्चचम सदुपयोग गर्ने हाम्रो क्षमताको विकास र यसको प्रयोग गरेर हाम्रो आफ्नै अर्थतन्त्र थप मजबुत बनाउनुपर्छ भन्ने नेपाली कांग्रेसको धारणा हो ।

ग) नेपालले अनन्त समयसम्म अन्तराष्ट्रिय सहायता लिनुपर्छ भन्ने पटक्कै होइन । हाम्रो अर्थतन्त्र र पूर्वाधार निर्माणको क्षेत्रमा निश्चित मुकाम र उपलब्धी हासिल गरेपश्चात यस्तो अन्तराष्ट्रिय सहायता लिनु आवश्यक हुँदैन । अन्तत्वोगत्वा सहायता लिने राष्ट्रबाट सहायता दिने दातृ राष्ट्रमा नेपाललाई सम्मिलित बनाउने लक्ष्य लिनुपर्छ भन्ने नेपाली काँग्रेसको धारणा हो ।

घ) नेपालले अन्तराष्ट्रिय सहायता ग्रहण किन र कहिले गर्ने भन्ने विषय हाम्रो राष्ट्रिय स्वार्थसंग जोडिने विषय हो । अहिलेको अवस्थामा हाम्रो राष्ट्रिय स्वार्थ भनेको बलियो, स्थिर र दिगो अर्थतन्त्रको निर्माण नै हो, जसका लागि उल्लेख्य रूपमा पूर्वाधार निर्माणमा राष्ट्रले लगानी गर्नपर्ने छ । पूर्वाधार निर्माणमा लगानीबाट मात्र सक्षम र सबल नागरिको निर्माण हुन सक्छ र र सक्षम र सबल नागरिकबाट मात्र दिगो आर्थिक विकास र अर्थतन्त्रको निर्माण सम्भव हुन्छ । पूर्वाधार निर्माणमा आवश्यक लगानीका लागि राष्ट्रिय पूँजी पर्याप्त नहुँदा अन्तराष्ट्रिय सहायता लिएर स्थिर र दिगो अर्थतन्त्रको निर्माण गर्नु हाम्रो राष्ट्रिय स्वार्थ अनुकूल विषय हो ।

## ४. अन्तराष्ट्रिय सहयोग तथा सहायता के कस्ता प्रकारका हुन्छन ?

अन्तराष्ट्रिय सहयोग र  सहायताका विभिन्न प्रकारका हुनसक्छन । अनुदान सहायता, ऋण सहायता, परियोजनालाई तोकेर दिइने सहायता आदि हुन्छन् । कतिपय अवस्थामा हाम्रो आवश्यकताको अन्तरलाई परिपुर्ति गर्न वैदेशिक लगानी पनि एउटा साधन बन्न सक्दछ । तर यसरी आउने लगानी प्रतिफलका लागि नै आउने भएकोले निश्चित क्षेत्रमा मात्रै यो प्राप्त गर्न सकिने अबस्था छ । यसैगरी वैदेशिक ऋण पनि लिन सकिन्छ तर हाम्रो बजेटमा भएको वित्तीय खर्च (सावाँ ब्याज गरेर)ः २०७ अर्ब यसैगरि लिएको ऋण तिर्न व्यवस्था गरिएको रकम हो । यस्तो रकम हामीले कुनै न कुनै दिन फिर्ता गर्नै पर्ने हुन्छ । अर्थात् ऋणको पनि निश्चित सीमा हुन्छ र त्यो भन्दा बढी लिन वा थेग्न सकिन्न । तसर्थ सबै विकल्प मध्ये अनुदान सबैभन्दा उत्तम विकल्प हो ।

त्यसैले हाम्रो प्रयत्न निःसन्देह अनुदान सहायताका लागि हुनुपर्छ । अर्थात ऋणको पनि निश्चित सीमा हुन्छ, त्योभन्दा वढी लिन वा थेग्न सकिन्न । यसरी दुईपक्षीय वा बहुपक्षीय सहयोग र सहायताबाट प्राप्त हुने सहयोग अनुदानलाई नेपालले आफ्नो प्राथमिकता अनुसार फाइदा हुने क्षेत्रमा उच्चतम प्रयोग हुने गरी छनौट गरी स्वीकार गर्नु पर्छ भन्ने विषयमा नेपाली कांग्रेस विगतदेखि नै स्पष्ट छ ।

## ५. नेपालको आवश्यकता र अन्तराष्ट्रिय सहयोगको अबस्था ?

प्रजातन्त्र आएदेखि नै नेपालको आधुनिक विकास प्रक्रियामा वैदेशिक सहायताको महत्वपूर्ण योगदान छ । पूर्वाधार निर्माणमा नेपालले वैदेशिक सहयोग लिन थालेको लामो कालखण्ड बितिसकेको छ । नेपाल, भारत विकास सहयोग अन्तर्गत पहिलोपटक २००९ सालमा गौचरन विमानस्थल सुधारका लागि आएको थियो । नेपालले पहिलो पटक अमेरिकाबाट दूरसञ्चारको

विकासका लागि सहायता लिएको थियो । यसको विस्तार पहिलो पञ्चवर्षीय योजनादेखि भयो। हेटौंडादेखि काठमाडौंको टेकुसम्मको रोपवे २०२० सालतिर ६४ लाख अमेरिकी डलरमा अमेरिकाले बनाइदिएको थियो । नेपालले भारत, चीन, रूस, बेलायत, अमेरिका, स्विट्जरल्यान्ड, जापान जस्ता देश र बहुराष्ट्रिय संस्थाहरूमार्फत ऋण तथा वैदेशिक सहयोग लिई विभिन्न सडक तथा पुर्वाधार बनाएको छ । अहिले कतिपयले पञ्चायत कालमा त देश आत्मनिर्भर भएको थियो भन्ने हास्यास्पद तर्क गर्छन् । वास्तविकता त्यस्तो छैन । पञ्चायत कालमै विदेशी अनुदान र आफ्नो कमाइले मात्र नपुगेर नेपालले विक्रम सम्मत २०२८ पछि नै उल्लेख्य रूपमा विदेशी ऋण लिन शुरू गरेको थियो । पञ्चायतकालमा भएका सबैजसो ठूला भौतिक पूर्वाधार तथा विकास परियोजनाहरू वैदेशिक सहयोग तथा अनुदानमा आधारित थिए । उदाहरणका लागि काठमाडौं–कोदारी अरनिको राजमार्ग र नौबिसे–पोखरा पृथ्वी राजमार्ग चीनले, नौबिसे–रक्सौल त्रिभुवन राजपथ र पोखरा–सुनौली सिद्धार्थ राजमार्ग भारतले बनाइदिएका थिए । धरान–धनकुटा सडक बेलायतले बनाइदिएको थियो । त्यस्तै पूर्व पश्चिम राजमार्गको काकरभिट्टा–ढल्केबर खण्ड भारतले, ढल्केबर–पथलैया खण्ड तत्कालीन सोभियत संघले, पथलैया–हेटौंडा खण्ड एडीबीले, हेटौंडा–नारायणगढ खण्ड अमेरिकाले, नारायणघाट–बुटबल खण्ड बेलायतले, बुटबल–बनवासा खण्ड भारतले बनाइदिएका थिए । त्रिवि शिक्षण अस्पताल महाराजगन्जमा जापान, त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा जापान, दूरसञ्चार प्राधिकरणमा अमेरिका, मेलम्ची खानेपानी आयोजनामा एसियाली विकास बैंक, चक्रपथ सडक सञ्जाल विस्तारमा चीनको सहयोग छ । नेपालका धेरै झोलुंगे पुल, नवीकरणीय ऊर्जा, जलविद्युत् र प्रसारण लाइनहरू, खानेपानी, सिँचाइ लगायतका असंख्य पूर्वाधारको विकास विदेशी अनुदान र ऋणबाट गरिएको छ । यी त केही उदाहरण मात्रै हुन्। अहिले पनि बहुसंख्यक आयोजना वैदेशिक सहयोगकै निर्भर छन् ।

विकास सहायता रिपोर्ट २०२० का अनुसार कूल वैदेशिक सहायताको योगदान स्वास्थ्य क्षेत्रमा, १६.१ प्रतिशत, वित्तीय सुधारमा ११, आवास क्षेत्रमा ७.७, ऊर्जामा ७.२ र सडक यातायातमा ७ प्रतिशत छ। हरेक वर्ष बजेटका लागि आवश्यक पर्ने स्रोतमा वैदेशिक सहायताको हिस्सा औसत २५ प्रतिशत रहने गरेको छ। यो हाम्रो वास्तविकता हो। हामीले बुझ्नुपर्ने कुरा के हो भने, आधिकारिक विकास सहायता (ओडिए), वित्तीय र प्राविधिक अनुदान, सहुलियतपूर्ण ऋण र प्रत्यक्ष वैदेशिक लगानी (एफडिआई) लगायत विभिन्न स्वरूपका बाह्य स्रोतहरूले नेपालको आवश्यकता र स्रोतको न्यूनता बीचको अन्तरलाई पूर्ति गर्न ठूलो मद्दत गरेको छ । अहिले नेपालका मुख्य वैदेशिक सहयोग संस्था र देशहरू हेर्ने हो भने एशियाली विकास बैंक, विश्व बैंक, अन्तर्राष्ट्रिय मुद्रा कोष, अमेरिका, बेलायत, भारत, चीन, जापान, युरोपियन युनियन र संयुक्त राष्ट्रसंघ छन् ।

## ६. अहिले वैदेशिक सहयोग वा सहायता किन आवश्यक छ ?

अहिले वैदेशिक सहायता किन आवश्यक छ त, एकपटक तथ्य हेरौं। नेपालले सन् २०३० सम्म दिगो विकासका लक्ष्यहरू हासिल गर्ने भनेको छ, सरकारको प्रतिवेदन अनुसार दिगो विकासका लक्षहरू (Sustainable Development Goals) हासिल गर्नका लागि २०१६ देखि

२०३० सम्मका लागि वार्षिक रूपमा २,०२४.८ खर्ब रूपैया आवश्यक पर्छ । २०१८ को राष्ट्रिय योजना आयोगको अध्ययन अनुसार सो बनेको कूल ग्राहस्थ उत्पादन (GDP) को ४८ प्रतिशत हो । जसको अर्थ वार्षिक औसत करिब २,०२५ अर्ब नेपाली रूपैयाँ आवश्यक पर्छ, जसमध्ये करिब १,१११ अर्ब सरकारी पक्षले राजस्व र वैदेशिक सहयोगबाट अनि निजी क्षेत्रले करिब ७३९ अर्ब खर्च गर्नुपर्ने राष्ट्रिय योजना आयोगको अनुमान छ । उपलब्ध स्रोत र साधन प्रयोग गर्दा पनि औसत करिब ५८५ अर्ब रूपैयाँ वार्षिक अपुग हुने भनिएको छ । पूर्वाधारमा मात्रै औसत करिब १,२३५ अर्ब रूपैयाँ लगानी आवश्यक पर्छ, प्रत्येक वर्ष। त्यसैले दिगो विकासका लक्ष्यहरू हासिल गर्न नेपाललाई चाहिने सबै प्रकारका पूर्वाधारका लागि अनुदान वा सहुलियत वैदेशिक ऋण  नभई हुँदैन ।

हाम्रो स्रोतको अबस्था माथि नै चर्चा गरिसकेका छौं । चालु बजेट कूल १६ खर्ब ४७ अर्ब बराबरको छ । बजेटमा खर्च जुटाउने स्रोतमध्ये वैदेशिक सहायता करिब पौने ४ खर्बको अनुमान छ। जसमा अनुदान ६३ अर्ब ३७ करोड र ऋण ३ खर्ब ९ अर्ब छ। विकास खर्चको सवैजसो हिस्सा वैदेशिक सहायताको छ। ठूला पूर्वाधार निर्माणमा वैदेशिक सहायताको प्रत्यक्ष सहभागिता रहने गरेको छ।  अहिले दुई वर्षको हाम्रो बजेट हेर्ने हो भने राजस्वले चालू खर्च पनि धान्न सक्दैन। सामाजिक सुरक्षा खर्च हामीले व्यापक विस्तार गरेका छौं। यसपटक करिब २ खर्ब ५५ अर्ब सामाजिक सुरक्षाको खर्च छ। हाम्रो राजस्वले सामाजिक सुरक्षा, तलबभत्ता भुक्तानी गरेर, ऋणको साँवा ब्याज तिरेर बचत १४ अर्ब देखाइएको छ । यसकारण विदेशी सहायता नभए हाम्रा विकास आयोजना रोकिन्छन् । यो अबस्थामा वैदेशिक सहायता हाम्रा लागि आवश्यक मात्र होइन अपरिहार्य हो ।

## ७. वैदेशिक सहायता लिने विषय किन स्वभाविक हो ?

संसारका थुप्रै देशहरू विकासको एउटा चरणमा वैदेशिक सहायता वा सहयोग लिएर नै आफ्नो उन्नतिपथमा अगाडि वढेका छन् । दोस्रो विश्व युद्ध पश्चातको अन्तराष्ट्रिय सम्बन्ध र परिवेशलाई हेर्ने हो भने पनि वैदेशिक सहायताको सहयोगको उच्चतम प्रयोग गरेका उदाहरणरू पनि प्रशस्तै छ । जर्मनी, जापान कोरिया कुनैवेला सहायता लिए र अहिले दिने अबस्थामा पुगेका छन । मलेसिया, थाइल्यान्ड, कोरियालगायत देशले वैदेशिक सहयोग लिएर आफ्नो अर्थतन्त्रलाई २५ देखि ३० वर्षमा रूपान्तरण गरे । दक्षिण कोरियाली सरकारको अनुसार १९४५ देखि १९९० को दशक सम्म दक्षिण कोरियाले करिब 12.7 Billion USD बराबरको वैदेशिक सहायता प्राप्त गरेको छ जसले गरिबी निवारण तथा आर्थिक विकासलाई सहयोग गर्यो । सिङ्गापुरलाई पनि त्यसरी नै यो स्थानमा आएको हो । दक्षिण कोरिया आज सहायता लिने देशबाट Donor मा रुपान्तरण भैसकेको छ । पछिल्लो समय चिन, भारत देखि बाङ्गलादेश सम्मका राष्ट्रहरू Donor को रुपमा स्थापित हुँदै छन् । यो Aid Recipient देखि Donor सम्मको रूपान्तरण सम्भव छ तर हामीले प्राप्त (available) स्रोतको उच्चतम प्रयोग गर्न सक्नुपर्छ । तर, सहयोग वा सहायता कस्तो लिने भन्ने महत्वपूर्ण विषय हो ।

यसरी अन्य सफल देशहरू जस्तै हामीले पनि आवश्यक स्रोत अभावलाई पूर्ति गर्न हाम्रो

प्राथमिकताको क्षेत्रमा सहायता लिने र लिएको सहायताको उच्चतम प्रयोग गर्ने र त्यसबाट आर्थिक विकास गर्ने हाम्रो उद्धेश्य हुनुपर्छ । निश्चय नै नेपाल पनि विकासको एउटा विन्दुमा पुगेपछि सहायता लिने होइन आफ्नै स्रोतले धान्ने र आवश्यक परे दिने देशमा पुऱ्याउने हाम्रो संकल्प हुनुपर्छ। तर त्यसो भन्दैगर्दा आजको वास्तविकतालाई नदरअन्दाज गर्ने हो भने त हामीले विकासको फड्को मार्न सक्दैनौं ।

## ८. के फरक छ वैदेशिक ऋण र अनुदानमा ?

वैदेशिक सहायतालाई धेरै प्रकारमा विभाजन गर्न सकिन्छ । ती मध्येको एउटा विभाजन Loan र Grant हो (ऋण र अनुदान) । ऋणलाई पनि Soft Loan र Hard Loan मा विभाजन गर्न सकिन्छ । ऋण सहयोगमा ऋण प्राप्त गर्ने राष्ट्रले ऋण सम्झौता अनुसार सावाँ र ब्याज फिर्ता गर्नु पर्छ । जस्तो चिनिया सरकारको सयोगमा बन्दै गरेको पोखरा (क्षेत्रीय) अन्तराष्ट्रिय विमानस्थल ऋण सहायतमा बन्न लागेको हो । निश्चित समय भित्र हामीले लिएको ऋण फिर्ता गर्नुपर्छ । अर्थ मन्त्रालयका अनुसार वैदेशिक ऋण ०.१ प्रतिशतदेखि १.५ प्रतिशतसम्म ब्याजको छ । नेपालको परिप्रेक्ष्यमा मुद्रा अवमूल्यनको जोखिमका कारण बढी व्याजदरको ऋण जोखिमयुक्त हुने विज्ञहरू नै बताउँछन । लामो समयावधिको ऋण हुने हुँदा यसले साँवा र ब्याज भुक्तानीमा असर गर्ने हुन्छ । ऋणको सावाँ–ब्याज किस्ताबन्दीमा फिर्ता गर्नुपर्दछ । वार्षिक बजेटमा त्यसको व्ययभार पर्दछ। अनुदानको सावाँ–ब्याज तिर्न पर्दैन । हाम्रोजस्तो मुलुकका लागि ऋणभन्दा अनुदान नै उचित हो भन्ने कुरामा दुईमत हुनै सक्दैन । यो कुरामा पनि विमति राखेर महङ्गो व्याजमा ऋण लिएको ठिक तर अनुदान लिएको वेठिक भन्ने तर्क राख्नेहरू हाम्रो अर्थनीति र वास्तविकताबाट हैन, दलीय राजनीति र स्वार्थकेन्द्रित सोचबाट प्रेरित उत्तेजना र भ्रमको राजनीति हो भन्दा अत्युक्ति नहोला ।

अनुदान अन्तर्गतको सहायतका त्यस्तो सावाँ र ब्याज फिर्ता गर्नु पर्दैन । भुकम्प पछिको पूनर्निर्माणमा भारतले ६५० मिलियन डलर ,अमेरिकाले १३० मिलियन डलर, चिनले ७६७ मिलियन डलर, जापालने ५२ मिलियन डलर, युरोपियन युनियनले ११२, डिफिडले ११० मिलियन डलर अनुदान दिने प्रतिवद्धता जनाएका थिए भने भारतले ७५० मिलियन डलर र जापानले २०८ मिलियन डलर ऋण सहयोगको प्रतिवद्धता गरेको थियो।

त्यसैगरी एमसिसी मार्फत प्राप्त हुने सहायता अनुदान सहायता हो जुन फिर्ता गर्नु पर्दैन । त्यसैले नेपाल जस्तो राष्ट्रले यथासम्भव अनुदान सहायताका लागि पहल गर्ने हो । हाम्रो वैदेशिक सहायत सम्बन्धी नीति हरूले समेत अनुदानलाई प्राथमिकता दिने कुरा स्पष्ट पारेको छ । अर्को कुरा, ऋणको रूपमा लिईने वैदेशिक सहायताको भार आउने पुस्तामा हस्तान्तरण (Transfer) हुन्छ ।

## ९. नेपालले यस्तो वैदेशिक सहयाता लिँदा कस्तो विषयमा लिने ?

नेपालको विद्यमान अन्तराष्ट्रिय विकास सहायता परिचालन नीति २०७६ को (३) ले अन्तराष्ट्रिय विकास सहायता परिचालनका प्राथमिकताहरू स्पष्ट रूपमा तोकेको छ ।

क) भौतिक पूर्वाधार निर्माण,

ख) शिक्षा, स्वास्थ्य, खानेपानी तथा सरसफाई

ग) राष्ट्रिय उत्पादन र उत्पादकत्व वृद्धि

घ) रोजगारी सृर्जना र गरिबी निवारण,

ङ) विज्ञान तथा प्रविधिको विकास र हस्तान्तरण

च) वातावरण संरक्षण र जलवायु परिवर्तन,

छ) विपद् व्यवस्थापन,

ज) सार्वजनिक, निजी, सहकारी र समुदायिक क्षेत्रको क्षमता नपुगेको क्षेत्रमध्ये नेपाल सरकारले अन्तराष्ट्रिय विकास सहायता लिन उपयुक्त हुने भनी निर्धारण गरेका क्षेत्रहरू ।

अन्तराष्ट्रिय विकास सहायता परिचालन नीतिले निर्धारण गरेको प्राथमिकता क्षेत्रहरू सही छन् । यसमा विवाद गर्नु पर्ने अवस्था छैन । यद्येपि वैदेशिक सहायताको परिचालन क्षमतालाई बढाउन सक्नुपर्छ । वैदेशिक सहायताको राष्ट्रिय प्राथमिकतासँगको तादम्यतालाई महत्वपूर्ण रूपमा हेर्न जरूरी छ । हामीले हाम्रा प्रथमिकताहरू यी यस्ता छन् भनेर त्यस्ता प्राथमिकताका क्षेत्रमा वैदेशिक सहायता ल्याउन सक्नुपर्छ । विशेषगरी पूर्वाधार निर्माणले आर्थिक विकासलाई शक्ति प्रदान गर्ने भएकाले प्राथमिकता परेका पूर्वाधार निर्माणमा वैदेशिक सहयाता ल्याउन तर्फ हाम्रो प्राथमिकता हुनुपर्छ ।

## १०. वैदेशिक सहायता एउटा स्रोतबाट वा बहुस्रोतबाट लिने ? एउटा देशबाट लिने कि धेरै देशबाट लिने ?

वैदेशिक सहायता एउटा वा एउटा समुहबाट मात्र लिने कि बहुस्रोतबाट लिने भन्ने प्रश्नको जवाफ – हामी एउटा राष्ट्रसंग मात्र कुटनीतिक वा मित्रपूर्ण सम्बन्ध राख्ने कि सबैसंग राख्ने भन्नेबाट आउँछ । एउटा कुरामा हामी स्पष्ट हुनुपर्छ हाम्रो प्राथमिकता कुन देश वा कुन विचार भएको देशबाट वैदेशिक सहायता लिने भन्ने होईन – हाम्रो प्राथमिकता भएका पूर्वाधार योजनामा धेरै भन्दा धेरै अनुदान सहायता भित्र्याउने हो । हाम्रो चाहना हामीले पूर्वाधार निर्माण गरे संगै आर्थिक विकासको बाटो तय गर्ने हो । हामीलाई कसैको पक्षमा उभिनु आवश्यकता छैन र हामी उभिँदैनौं पनि। हामी हाम्रा सबै मित्रराष्ट्रसंग मैत्रिपूर्ण सम्बन्ध राख्छौं र कुनै पनि सामरिक प्रतिस्पर्धाबाट नेपालको राष्ट्रिय स्वाभिमान र अन्तराष्ट्रिय उपस्थितिमा आँच आउने वातावरणमा सहभागी हुँदैनौं । मुख्य कुरा हामी हाम्रो प्राथमिकता र राष्ट्रिय स्वार्थबाट विमुख हुनु मात्र भएन । शक्तिराष्ट्रहरूबीच हुने प्रतिस्पर्धाको उर्जालाई सहि ढङ्गले उपयोग गर्न सके हामीजस्ता राष्ट्रहरूले सम्बन्धित

सबै मित्र वा शक्तिराष्ट्रहरूबाट फाईदा उठाउन सक्छ भन्नेमा विश्व उदाहरणहरू धेरै छन् । नेपालले पनि सबै मित्र वा शक्तिराष्ट्रहरूसंग समान र सम्मानपूर्ण सम्बन्ध राख्दै आफ्नो राष्ट्रिय हित अनुकूल सहयोग र साहयता प्राप्त गर्ने प्रयत्न गर्नु पर्दछ भन्ने धारणा नेपाली कांग्रेसको हो । त्यसैले अन्तराष्ट्रिय सम्बन्धसंग जोडिएका विषयहरूलाई आन्तरिक राजनीतिमा क्षणिक लाभ वा हानिको विषय बनाईनु हुन्न भन्नेमा हाम्रो दृढ विश्वास तथा संकल्प छ ।

वैदेशिक सहायता प्रतिवेदन २०२०हेर्ने हो भने अहिले पनि कूल सहायताको करिब ७१ प्रतिशत बहुपक्षीय साझेदारबाट र करिब २९ प्रतिशत द्विपक्षीय साझेदारबाट प्राप्त हुने गरेको छ ।  आर्थिक वर्ष २०७६/७७ मा कूल वैदेशिक सहायताको ३६.९ प्रतिशत बजेटरी सहयोग, ३६.३ प्रतिशत परियोजना सहयोग, १३.७ प्रतिशत मानवीय सहायता, १०.२ प्रतिशत कार्यक्रम सहयोग, १.८ प्रतिशत क्षेत्रगत प्रणाली सहयोग र १ प्रतिशत अन्य सहयोग प्राप्त भएको छ ।

त्यसैले हाम्रो राष्ट्रिय हित र प्राथमिकताका आधारमा धेरै देशबाट अधिकतम सहायता लिने नै हाम्रो प्रयत्न हुनुपर्दछ र त्यसको लागि हाम्रो प्राथमिकता ऋण भन्दा अनुदानमा रहनुपर्दछ।

## ११. एमसिसी अनुदान सहायता के हो?

“संयुक्त राष्ट्र संघीय महासभाले सन् २००० मा भोक, रोग, अशिक्षा लगायत चरम गरिवी हटाउने, वातावरण तथा पर्यावरणीय संरक्षण, लैगिक समानता तथा महिला सशक्तिकरण, जनताको जीवनस्तरमा सुधार तथा पूर्वाधारको विकास जस्ता सहस्राब्दी विकास लक्ष्यहरू (Millennium Development Goals) को घोषणा गरेको थियो । विश्वका १८९ राष्ट्रले हस्ताक्षर गरेपछि यो विश्व अभियान कार्यान्वयनमा आयो । सन् २०१५ भित्र सहस्राब्दी लक्ष्य हासिल गर्ने यस विश्व अभियानलाई सहयोग गर्न अमेरिका लगायत विकसित मुलुकहरूबाट विकासोन्मुख तथा अल्पविकसित मुलुकहरूतर्फ आर्थिक सहायता बढाउने प्रतिबद्धता व्यक्त भयो । विश्वको यही प्रतिबद्धतालाई सहयोग गर्ने उद्देश्यका साथ अमेरिकाले सन् २००३ मा एमसीसी (Millennium challenge Corporation) सम्बन्धी कानून पारित गरी न्यून आय भएका मुलुकहरूमा आर्थिक वृद्धि, गरिवी निवारण एवं संस्थागत क्षमता विकासका लागि द्विपक्षीय आर्थिक सहायता प्रदान गर्न एमसीसी संस्था स्थापना गर्यो ।

यसले निश्चित परिसूचकका आधारमा विश्वका विकासशील राष्ट्रहरूको छनोट गरी ती देशको प्राथमिकताका विकास परियोजनामा सहयोग गर्छ । विश्वका विभिन्न भागबाट निम्न आय भएका करिव सय मुलुकहरूले सो सहयोगको लागि निवेदन दिएका मध्ये सन् २०१७ सम्म विभिन्न मापदण्डका आधारमा योग्य ठानिएका नेपाल लगायत ४६ मुलुकहरूलाई एमसीसी सहयोग प्रदान गर्ने निर्णय भएको थियो ।

एमसिसी नेपाल सम्झौता नेपाल सरकारले नै देशको आर्थिक विकासका लागि महत्वपूर्ण ठहर्याइ चयन गरेको विद्युत प्रसारण लाइन र सडक मर्मतसम्भार परियोजना सम्पन्न गर्नका लागि उपलब्ध गराएको अनुदान हो। अमेरिकी सरकारको निकाय मिलेनियम च्यालेञ्ज कर्पोरेशन र नेपाल सरकार अर्थ मन्त्रालय बीच २०७४ भाद्र २९ मा मिलेनियम च्यालेञ्ज कम्प्याक्ट (सम्झौता) सम्पन्न भएको थियो। उक्त सम्झौता बमोजिम अमेरिकी सरकारले ५०० मिलेनियन अमेरिकी डलर अनुदान स्वरूप उपलब्ध गराउँछ । यो सम्झौता लागु भएको मितिबाट ५ वर्षमा परिचालन गरिसक्नुपर्ने प्रावधान छ ।

एमसिसीको सहयोग रकम काठमाडौंको उत्तरपूर्वमा अबस्थित लप्सीफेदीदेखि काठमाडौंको पश्चिममा रहेको रातमाटेसम्मको खण्ड, रातमाटेदेखि हेटौंडासम्मको खण्ड, रातमाटेदेखि दमौलीसम्मको खण्ड, दमौलीदेखि बुटवलसम्मको खण्ड र बुटवलदेखि भारतको सीमासम्मको खण्डमा ४०० के.भी. क्षमताको प्रसारण लाइनहरू तथा रातमाटे, दमौली र बुटवलमा सवस्टेशन निर्माण र ३०५ किलोमिटर सडकको स्तरोन्नति मा खर्च हुनेछ । यो सहयोग निःशुल्क रूपमा नेपालको आर्थिक विकासमा केन्द्रित सहयोग हो । यो कुनै सैन्य प्रयोजनका लागि प्रयोग हुन सक्दैन भन्ने सुस्पट व्यवस्था छ । यो परियोजना नेपालको संविधान र कानून अनुरूप छ । परियोजनाको व्यवस्थापन, रेखदेख एवं कार्यान्वयन नेपालको विकास समिति ऐन अन्तर्गन स्थापित एमसीए नेपालको जिम्मेवारी भित्रै रहने छ ।

एमसिसी बाट प्राप्त अनुदान सहयोगबाट विकास गरिने पूर्वाधारले सन् २०१६ मा संयुक्त राष्ट्र संघले पारित गरेको दिगो आर्थिक विकासका लक्ष्यहरू (Sustainable Development Goals) पूरा गर्न नेपाललाई सहयोग पुऱ्याउने छ।

साथै, एमसिसीको परियोजनासंगै नेपालमा अति आवश्यक पूर्वाधारको निर्माण हुनेछ । हाम्रा आयोजनाहरू बर्षौंसम्म सम्पन्न नहुने र लगानी ३ देखि ६ गुणासम्म बढि हुने रोगलाई हटाउने तरिका र ब्यवस्थापकीय ज्ञान हासिल गर्न सकिनेछ । भोटेकोशी र खिम्तीमा डलरको पिपिएले गर्दा केही अफ्ठ्यारो परेता पनि अहिले जसरी नेपालको जलविद्युत क्षेत्रमा सबै नेपाली जनशक्ति र व्यवस्थापकीय ज्ञान प्राप्त भएको अबस्था छ त्यसरी नै प्रसारण लाईन र नयाँ प्रविधिमा सडक पुर्वाधारमा व्यवस्थापकीय दक्षता र उच्च प्रविधिको ज्ञान आर्जन गर्न सकिने लगायतका फाइदा हुनेछन जसले गर्दा भविष्यमा हाम्रा पूर्वाधारहरू समयमा र अहिले भन्दा सस्तोमा निर्माण गर्न सकिनेछ ।

## खण्ड २

# एमसिसी अनुदान सहायता सम्झौताः भ्रम र यथार्थ

**१. भ्रम**: एमसिसी अनुदान सहायता मार्फत अमेरिकाले नेपालमा सैन्य गतिविधि संचालन गर्छ? यो सम्झौता पारित हुने वित्तिकै नेपालमा अमेरिकी सेना आउँछन ?

**यथार्थ**: एमसिसी अनुदान सहायता मार्फत अमेरिकाले नेपालमा सैन्य गतिविधि संचालन गर्छ, अमेरिकी सेना आउँछन भन्ने जुन अफवाह फैलाइएको छ, यो पूर्णत गलत छ । अमेरिकाको एमसिसी सम्बन्धी कानून 'मिलेनियम च्यालेन्ज ऐन-२००३' ले स्पष्ट रूपमा कुनै पनि सैन्य प्रयोजनका निम्ति एमसिसी अनुदान कोषको प्रयोग गर्न निषेध गरेको छ । अनुदान रकम दुरूपयोग नहोस् भनेर नै सैन्य तालिम वा सुरक्षा गतिविधिमा प्रयोग गर्न नपाइने व्यवस्था छ । त्यसैले नेपालमा मात्रै होइन एमसिसीले अनुदान सहायता प्रदान गरेका अन्य देशहरूमा हेर्ने हो भेन पनि कुनै पनि देशमा यो रकमबाट सैन्य गतिविधि भएका छैनन, सैन्य गतिविधि संचालन गर्न सक्दैन ।

यो कानूनी बन्देज नेपालसंगको सम्झौतामा पनि स्पष्ट छ । सम्झौताको दफा २.७ मा यो सहयोग सैन्य, प्रहरी, मिलिसिया, राष्ट्रिय गार्ड वा अन्य अर्धसैन्य सङ्गठन वा एकाइको प्रशिक्षण वा सहयोगका लागि यो सहयोग उपयोग गर्न नहुने स्पष्ट उल्लेख गरिएबाट कुनै पनि सुरक्षा संयन्त्रमा संलग्न हुनबाट यो सम्झौता मुक्त भएको छ । अतः अनुदान सहायता मार्फत अमेरिकी सेना आउछन भन्ने भ्रम वदनियत, उत्तेजना  र राजनीतिक स्वार्थका लागि उठाएका हुन यसमा कुनै सत्यता छैन ।

**२. भ्रम**: एमसिसी सहायता सम्झौता हिन्द-प्रशान्त रणनीति (IPS) को अंग हो ?

**यथार्थ**: यो हिन्द प्रशान्त रणनीतिको अंग होईन । एमसिसी अनुदान सहायता सम्झौतामा कुनै पनि दफामा हिन्द-प्रशान्त रणनीतिका बारेमा लेखिएको छैन । वरू यो अनुदान रकमबाट कुनै पनि सैन्य गतिविधि गर्न नपाउने कुरा उल्लेख छ । मिलेनियम च्यालेञ्ज कर्पोरेशन ऐनले पनि यो विषयलाई निषेध गरेको छ । अमेरिकी सरकारले २०२२ मा प्रकाशन गरेको सुरक्षा रणनीतिमा पनि यो विषय उल्लेख छैन ।

यस सन्दर्भमा विषयमा नेपाली समाज र राजनीतिमा विभिन्न वहस चलेपछि नेपाल सरकारले अमेरिकी सरकारको एमसिसीसंग सोधेको प्रश्नमा पनि स्पष्ट रूपमा एमसिसीले एमसिसी अनुदान सहायता हिन्द प्रशान्त रणनीतिको अंग नभएको र यो सहायता कुनै पनि सैन्य गतिविधिमा प्रयोग गर्न एमसिसीको कानूनले नै निषेध गरेको भन्ने कुरा प्रष्ट गरेको छ ।

त्यसपश्चात नेपालको प्रतिनिधिसभाले सम्झौता अनुमोदन गर्दैगर्दाको व्याख्यात्मक

घोषणामार्फत “कम्प्याक्टको पक्ष भएको कारण नेपाल संयुक्त राज्य अमेरिकाको हिन्द–प्रशान्त रणनीति (Indo-Pacific Strategy) लगायत कुनै पनि सामरिक, सैन्य वा सुरक्षा गठबन्धनमा आबद्ध भएको मानिने छैन" भनी घोषणा गरेर सम्झौता अनुमोदन गरेको छ। यो एमसिसीले स्वीकार गरेपश्चात मात्र एमसिसी सम्झौता कार्यान्वयनमा जान्छ। यो सवै कुराले प्रष्ट हुन्छ यो कुनै सुरक्षा रणनीतिको अंग होइन, हुन सक्दैन, किनकि संझौतामा उल्लेख नभएको विषयमा नेपाललाई कुनै दायित्व सृर्जना गर्दैन ।

अतः सम्झौतामा कतै उल्लेख नै नभएको, पटक पटक प्रश्न सोध्दा पनि होइन भन्ने प्रष्ट गरेको, नेपालको संसदले घोषणामार्फत थप प्रष्ट गरिसकेको विषयमा नेपाललाई कुनै दायित्व सृजना हुँदैन । यति भइसकेपछी पनि यो आइपिएसको अंग हो भन्नेर भ्रम फैलाइरहनु कपोलकल्पित कुरा मात्र हो।

३. **भ्रम**ः अब नेपालले अमेरिकी सुरक्षा स्वार्थ विपरीतका गतिविधि गर्न पाउँदैन । नेपालको विदेश नीति अमेरिकी सुरक्षा रणनीति अनुसार चल्छ ?

**यथार्थ**ः एमसिसी अनुदान सहायता कुनै सैन्य सहायता होइन यो अनुदान विकास सहायता हो । अमेरिकाका कानुन वा नीतिको उल्लङ्घन गर्ने कुनै पनि कार्यका लागि एमसीसीको अनुदान प्रयोग गर्न पाइँदैन भन्ने कुरामा दफा ५.१(ख) (३) ले जोड दिएको छ । तसर्थ उक्त दफाले एमसीसी अनुदानको उपयोगलाई सीमित गर्दछ छर गैर–एमसीसी अनुदानको हकमा नेपाल सरकारको सार्वभौमिकतामाथि कुनै वाध्यता वा सीमितता सृजना गर्दैन । यो अन्तराष्ट्रिय सहायता सम्झौताको सामान्य प्रचलन नै हो । एमसीसी नेपाल कम्प्याक्टले अन्य कुनै मुलुकसँग सहायता वा लगानीसम्बन्धी सम्झौता गर्ने नेपालको सार्वभौम हकलाई असर वा सीमित गर्दैन ।

४. **भ्रम**ः एमसिसी अनुदान सहायता अमेरिकाले नेपालको इच्छा विपरित जबरजस्ती दिन खोजेको हो ? यो अमेरिकाको स्वार्थ हो, नेपालले पहल गरेको होइन ।

**यथार्थ**ः एमसिसीले निश्चित परिसूचकका आधारमा विश्वका विकासशील राष्ट्रहरूको छनोट गरी ती देशको प्राथमिकताका विकास परियोजनामा सहयोग गर्छ । अनुदान सहायताका लागि छनोट गर्ने एमसिसीको निश्चित मापदण्डहरूमा आधारित स्पष्ट प्रक्रिया छ । यो अनुदान लिन चाहने राष्ट्र आफैंले इच्छा जाहेर गर्नुपर्छ । अनुदान पाउन एमसिसीद्वारा निर्धारित न्यूनतम मापदण्ड र निश्चित सुचकहरू पूरा गरेकै हुनुपर्छ । पहिलो त यसका लागि योग्य हुन विश्व वैंकद्वारा न्यून वा न्यून मध्यम आए भएको देशको रूपमा सूचीकृत हुनुपर्छ । दोस्रो लोकतान्त्रिक शासन र आर्थिक स्वतन्त्रतामा आधारित स्कोरहरूमा उत्तिण हुनुपर्छ । त्यसका आधारमा प्रारम्भिक छनोटमा पर्नुपर्छ । त्यसपछि विस्तृत अध्ययन हुन्छ । राष्ट्रले आफै प्राथमिकता छनोट गर्छ । सूचकहरू पार गरेपछि छनोटमा पर्छ । त्यसपछि सम्झौताको प्रक्रिया शुरू हुन्छ ।

यो अनुदान सहायता प्राप्त गर्नका लागि नेपालले इच्छा जाहेर गरेको हो र छनोट प्रक्रिया पुरा गरेर प्राप्त गरेको हो । विश्वका विभिन्न भागबाट निम्न आय भएका करिव सय मुलुकहरूले सो सहयोगको लागि निवेदन दिएका मध्ये सन् २०१७ सम्म विभिन्न मापदण्डका आधारमा योग्य ठानिएका नेपाल लगायत ४६ मुलुकहरूलाई एमसीसी सहयोग प्रदान गर्ने निर्णय भएको थियो । यो अमेरिकाले जवरजस्ती दिएको होइन । जवरजस्ती दिएको भन्नेहरूले कि त यसको पृष्ठभूमी बुझेका छैनन कि बुझेर पनि आफ्नो राजनीतिक स्वार्थका लागि भ्रम सृजना गरिरहेका छन ।

यसको स्पष्टताका लागि एकपटक एमसिसी सहायता अनुदानको पृष्ठभूमि हेरौं ।

नेपालले वि.सं.२०६६ सालबाट एमसिसी अनुदान सहायताका लागि औपचारिक/अनौपचारिक रूपमा पहल थालेको थियो । तत्कालिन नेकपा एमालेका नेता माधव नेपाल प्रधानमन्त्री भएको वेला सन २०१० जनवरी (२०६६ माघ) मा परराष्ट्र मन्त्रालयसँगको परामर्शमा राजदुत डा. शंकर शर्माले तत्कालिन प्रमुख कार्यकारी अधिकृत शेरी ऋहमसँग भेटी नेपालका लागि एमसिसीको सम्भावित सहयोग बारे छलफल गरेका थिए । त्यस अगाडि पनि अर्थमन्त्रालयका अधिकारीहरूले यस सन्दर्भमा अमेरिकासंग कुरा गरेको भए पनि नेकपा एमालेका नेता झलनाथ खनाल प्रधानमन्त्री हूँदा उपप्रधान तथा अर्थमन्त्री भरतमोहन अधिकारी स्वयंले २०६७ चैत ३० देखि वैशाख ४ मा संयुक्त राज्य अमेरिकाको आधिकारिक भ्रमणका वेला नेपालको विकास निर्माण कार्यका लागि अझै सहयोग प्राप्त गर्नका लागि नेपाललाई मिलेनियम च्यालेन्ज कर्पोरेशनमा सहभागी गराउन आग्रह गरेका थिए ।

त्यसपश्चात बनेको तत्कालिन नेकपा माओवादीका नेता वावुराम भट्टराई प्रधानमन्त्री र अर्थमन्त्री वर्षमान पुन भएको वेला  नेपाल एमसिसी थ्रेसहोल्ड कार्यक्रममा छनोट भएको जानकारी पत्र प्राप्त भयो । भट्टराईपछि खिलराज रेग्मीको अध्यक्षतामा गठन भएको मन्त्रिपरिषदले २०७० पुस २१ गते एमसीसीका सम्बन्धमा विकासका अवरोध पहिचान (Constraints Analysis) गर्न अर्थशास्त्रीहरूको समूह गठन गऱ्यो ।

नेपाली कांग्रेसका सुशील कोइराला प्रधानमन्त्री भएको वेला २०७१ मा एमसिसीले नेपाललाई कम्प्याक्टका लागि छनोट गरेको जानकारी प्राप्त भएको हो । २०७३ मा केपी ओली प्रधानमन्त्री र विष्णु पौडेल अर्थ मन्त्री हुँदा कम्प्याक्टको मस्यौदा तयार गर्न र सम्भावित आयोजनाबारे अध्ययन गर्नका लागि प्राविधिक अनुदान सहायता स्वीकार गर्ने सम्बन्धी सम्झौता गर्दै Millennium Challenge Corporation (MCC) वाट कम्प्याक्ट कार्यक्रम तयारीका लागि करीव १ अर्ब १३ करोड रूपैया वरावरको सहायता (१०.७५ मिलियन अमेरिकी डलर) प्राप्त गरेको थियो ।

२०७४ जेठ १९ को पुष्पकमल दाहाल प्रधानमन्त्री र कृष्णबहादुर महरा अर्थमन्त्री रहेको मन्त्रिपरिषदको वैठकले एमसिसीबाट अनुदान सहायता प्राप्त गर्न वार्ता टोली

गठन गरेको थियो। त्यसै मुताविक २०७४ भदौ २९ मा शेर बहादुर देउवा नेतृत्वको सरकारका अर्थमन्त्री ज्ञानेन्द्र बहादुर कार्कीले मिलेनियम च्यालेञ्ज कम्प्याक्ट अनुदान सहायता सम्झौतामा हस्ताक्षर गरेका थिए।

उक्त सम्झौतालाई अनुमोदनका लागि प्रतिनिधिसभामा पेश गर्ने निर्णय २०७५ माघ २५ मा केपी ओली नेतृत्वको सरकारले गरेको थियो भने २०७६ असार ३० मा प्रतिनिधिसभामा दर्ता गराएको थियो । नेकपा नेतृत्वको सरकारले दर्ता गरेको त्यही सम्झौतालाई वर्तमान प्रधानमन्त्री शेरबहादुर देउवा नेतृत्वको सरकारले २०७८ फागुन ६ मा एमसीसी अनुमोदनका लागि संसदमा टेबल गरेको हो। प्रतिनिधिसभाले व्याख्यात्मक घोषणा सहित एमसिसी सम्झौताको अनुमोदन फागुन १५ गते गरेको हो। (एमसिसी अनुदान सहायता प्रक्रिया समय चक्र अनुसूची १ मा रहेको छ)

५. **भ्रम**ः नेपाली कांग्रेस अमेरिका निकट पार्टी हो ? त्यसैले कांग्रेस र यसका नेताहरूले अमेरिकाको स्वार्थ पुरा गर्न यो अनुदान सहायताको पहल गरेका हुन ।

**यथार्थ**ः माथिको दृष्टान्तबाट नै प्रष्ट हुन्छ, एमसिसी अनुदान सहायताका लागि नेपाली कांग्रेसले मात्रै पहल गरेको होइन । २०६७ सालमा तत्कालिन उपप्रधान तथा अर्थमन्त्री भरतमोहन अधिकारी देखि अहिलेसम्मको एक दशक वढी अवधिमा वर्तमान नेपाली राजनीतिका सबै महत्वपूर्ण राजनीतिक दल, नेपाली कांग्रेस, नेकपा एमाले, नेकपा माओवादी, जनता समाजवादी, मधेसवादी, राप्रपादेखि, माले, जनमोर्चा तथा ती दलका मुख्य मुख्य नेताहरू मात्र होइन गैर दलीय सरकार समेत एमसिसी सम्झौताको प्रक्रियामा प्रत्यक्ष रूपमा संलग्न छन् र कुनै न कुनै निर्णय गरेका छन । ती कुनै पनि दल र नेताले त्यो प्रक्रियामा विमति राखेका छैनन । त्यसैले अमेरिकाको स्वार्थ पुरा गर्न यो पहल गऱ्यो भन्नु राजनीतिक प्रचारबाजी मात्र हो ।

नेपाली काँग्रेस प्रष्ट छ, हामीलाई वैदेशिक स्रोत चाहिन्छ त त्यो स्रोत मध्येको अनुदान सहायता हाम्रो प्राथमिकता हो। यस्तो अनुदान हामीले सकेसम्म हाम्रो सबै मित्रराष्ट्रहरूबाट लिन चाहन्छौं । २०६२-६३ को परिवर्तन पश्चात् पछि पनि नेपालले मित्रराष्ट्रहरूसंग पटक पटक सहयोग लिदै आएको छ । उदाहणका लागि, भारतको सहयोगमा हुलाकी राजमार्ग, चिनसँगको बिआरआइ सम्झौता । त्यस्तै भुकम्प पछिको पूनर्निर्माणमा भारतले ६५० मिलियन डलर ,अमेरिकाले १३० मिलियन डलर, चिनले ७६७ मिलियन डलर, जापालने ५२ मिलियन डलर, युरोपियन युनियनले ११२, डिफिडले ११० मिलियन डलर अनुदान दिने प्रतिवद्धता जनाएका थिए भने भारतले ७५० मिलियन डलर र जापानले २०८ मिलियन डलर ऋण सहयोगको प्रतिवद्धता गरेको थियो। नेपाली कांग्रेस सरकारमा रहदाँ होस वा प्रतिपक्षमा रहँदा आफ्नो मित्र राष्ट्रसँग यस्तो सहयोग लिन सदैव पहल गर्दछ।

नेपालका कम्युनिष्ट लगायत अन्य दलहरूले आफु सरकारमा रहँदा यो आवश्यक छ भनेर प्रक्रिया अगाडि वढाउने अनि राजनीतिक स्वार्थ नमिल्दा यो गलत छ भन्ने

दोहोरो प्रवृत्ति देखाएका कारण यसमा भ्रम सृजना भएको हो । कांग्रेसलाई आरोप लगाउने दल र नेताहरूले आरोप लगाउनु अगाडि विगतमा आफ्ना सरकारका पालामा भएका निर्णय हेर्न आवश्यक छ । सरकारमा रहँदा प्रक्रिया अगाडि बढाउने मात्र होइन सम्झौता गर्ने तर आम जनतालाई भ्रम सृजना गर्ने दोहोरो चरित्र कांग्रेसको रहेन । सत्तामा रहे पनि वा प्रतिपक्षमा रहे पनि कांग्रेसको एउटै धारणा रह्यो । स्मरण रहोस, तत्कालिन नेकपाको केपी ओली नेतृत्वको सरकारले संसदमा दर्ता गर्दा नेपाली कांग्रेस प्रतिपक्षमा भएपनि नेपाली कांग्रेसले एमसिसी सम्झौतालाई कार्यान्वयनमा ल्याउन अबरोध नहोस् भनि संसदबाट अनुमोदनका लागि आफ्नो प्रष्ट समर्थन रहेको धारणा सहित मिति २०७६ पौष ११ मा देहाय बमोजिमको निर्णय गरेको थियो।

"मुलुकको आर्थिक समृद्धिका लागि नेपाली कांग्रेसको नेतृत्वमा रहेको सरकारले हालसम्मकै सबै भन्दा ठूलो अनुदान सहयोग सम्बन्धी अमेरिकी सरकारसँग गरेको सम्झौता मिलेनियम च्यालेन्ज कर्पोरेसन (एमसिसी) लाई यो या त्यो बहानामा अवरूद्ध बनाउन खोजिएको घटनालाई गम्भीरतापूर्वक लिंदै यो बैठक सम्झौतालाई संसदमा यथाशीघ्र पेश गर्न सरकार समक्ष माग गर्दछ । सम्झौतालाई संसदबाट अनुमोदन गर्न नेपाली कांग्रेसको प्रष्ट समर्थन रहने निर्णय यो बैठक गर्दछ ।"

६. **भ्रम**: अनुदान प्रक्रियामा नेकपा एमालेको खासै संलग्नता थिएन । एमाले नेतृत्वको सरकारले विगतका सरकारले गरेको सम्झौतालाई निरन्तरता मात्र दिएको हो ?

**यथार्थ**: एमसिसी सहायता सम्झौताको तथ्यहरू हेर्ने हो भने स्पष्ट हुन्छ २०६६ सालदेखि अहिलेसम्म आइपुग्दा सवैजसो दल र नेतृत्व यो प्रक्रियामा संलग्न छन । माधव नेपाल, झलनाथ खनाल, बाबुराम भट्टराई, पुष्पकमल दाहाल, खिलराज रेग्मी, सुशील कोइराला, केपी शर्मा ओली र शेर बहादुर देउवा सरकारको पालामा भएका निर्णयमा कुनै पनि दल र व्यक्तिको विमति देखिदैन । यसको अर्थ यो प्रक्रियामा कुनै पनि सरकार र त्यसमा संलग्न दल तथा नेताहरू विरूद्धमा थिएनन। अचम्मको कुरा त के छ भने अहिले एमसिसीको विरोधमा चर्को चर्को कुरा गर्ने पार्टी र व्यक्तिहरूकै पालामा महत्वपूर्ण निर्णय भएका छन् ।

एमालेको सन्दर्भमा भन्ने हो भने २०६६ मा माधव नेपाल, २०६७ मा झलनाथ खनालका पालामा पहलकदमी भएको थियो । २०७१-०७२ सालमा सुशील कोइराला प्रधानमन्त्री हुँदा सरकारको गठबन्धनमा नेकपा एमाले पनि सामेल थियो, त्यो वेला नै नेपाललाई कम्प्याक्टका लागि छनोट गरेको जानकारी प्राप्त भएको हो ।

नेकपा (एमाले) नेतृत्वका केपी शर्मा ओली प्रधानमन्त्री रहेको २०७२-०७३ को सरकारको मन्त्रीपरिषदले २०७३ असार ३१ मा कम्प्याप्ट कार्यक्रमका लागि १ अर्व १३ करोड रकम लिने निर्णय गरेको थियो । स्मरणणीय कुरा त के छ भने उप-प्रधानमन्त्रीहरू एमाले नेता भीम रावल, राष्ट्रिय प्रजातन्त्र पार्टीका नेता कमल थापा,

राष्ट्रिय जनमोर्चा पार्टीका नेता चित्रबहादुर केसी, नेकपा मालेका नेता सिपी मैनाली र माओवादी नेता टोप बहादुर रायमाझी थिए भने नेकपा का नेता अग्नीप्रसाद सापकोटा र राप्रपा नेता दिपक वोहोरा मन्त्री थिए । सो निर्णय गर्दा कसैले पनि असहमति प्रकट गरेनन् ।

२०७४ को निर्वाचन पश्चात केपी शर्मा ओली नेतृत्वको त्यस सरकारले २०७५ को वैशाखमा एमसिसीबाट प्राप्त अनुदानलाई निर्धारित लक्ष्य हासिल गर्ने गरी संचालन र कार्यान्वयन गर्नका लागि एमसिए–नेपाल (MCA-Nepal) को गठन गरेको हो । विकास समिति ऐन, २०१३ अनुसार विसं २०७५ वैशाख ५ गते नेपाल राजपत्रमा सूचना प्रकाशित गरी एमसिए–नेपाल गठन भएको हो । यसका साथै सम्झौतामा हस्ताक्षर भएको २ वर्षपछि २०७६ असोज १२ मा परियोजना सहयोग सम्झौता (PCA) मा हस्ताक्षर पनि नेकपाको सरकारले नै गरेको हो ।

संसदबाट अनुमोदनका लागि प्रस्ताव पनि केपी ओली नेतृत्वको नेकपा सरकारले गरेको हो र संसदमा दर्ता गराएको हो। यसले नै प्रष्ट हुन्छ,जसले वाहिर जनतालाई यो राष्ट्रघाती सम्झौता भनेर भ्रम छरे उनीहरू नै यो सम्झौता प्रक्रियामा संलग्न छन र यो अवधिमा कुनै पनि प्रक्रियामा राखेनन् । २०६६ देखि २०७७ सम्म धेरै जसो प्रक्रियामा नेकपा एमाले संलग्न छ।

७. **भ्रम**ः एमसिसी अनुदान सहायताका सन्दर्भमा नेकपा माओवादी सधै विपक्षमा थियो ? माओवादी नेतृत्वको सरकारले एमसिसी अनुदान सहायताको पक्षमा कुनै निर्णय गरेको थिएन ?

**यथार्थ**ः माथि उल्लेखित तथ्य र विवरणले नै प्रष्ट गरिसकेको छ यो प्रक्रियामा सवैभन्दा वढि नेपालका कम्युनिष्ट पार्टीका सरकारहरू संलग्न छन । २०६७ सालमा झलनाथ खनाल नेतृत्वको सरकारमा नेकपा माओवादी संलग्न थियो जुनबेला एमसिसी सहायताका लागि सरकारले औपचारिक रूपमा पहल गरेको थियो। २०६८ सालमा तत्कालिन नेकपा माओवादीका नेता डा. बाबुराम भट्टराई प्रधानमन्त्री भएको समयमा नेपाल एमसिसी थ्रेसहोल्ड कार्यक्रममा छनोट भएको जानकारी प्राप्त भएको थियो। सोही सरकारले पहिलोपटक एमसिसीसंग समन्वय गर्नका लागि अर्थ मन्त्रालयका वैदेशिक सहायता समन्वय महाशाखा प्रमुखलाई सम्पर्क अधिकृत नियुक्त गरेको थियो ।

२०७३ सालमा पुष्पकमल दाहाल नेतृत्वको तत्कालिन गठबन्धन सरकारको २०७३ असोज ६ को मन्त्रिपरिषदको निर्णय बाट एमसिसीको सहयोगमा संचालन हुने कम्प्याक्ट कार्यक्रम तयार गर्ने कार्यका लागि विज्ञ समुहको राष्ट्रिय संयोजक नियुक्त गरेको थियो ।

स्मरण रहोस् तत्कालिन नेकपा माओवादी नेतृत्वको सरकार भएको वेला २०७३ चैत्र

२३ गते नेपाल र अमेरिकावीच भएको एडमेमोरियर (Aide-Memoir)मा कम्प्याक्ट अन्तराष्ट्रिय सम्झौता सरह हुने र नेपालको अन्य कानूनसंग वाझिएमा कम्प्याक्ट लागु हुने भन्ने कुरा स्पष्ट भएको थियो ।

नेकपा माओवादी नेतृत्वको सोही सरकारले २०७४ जेठ १९को मन्त्रिपरिषदको निर्णयबाट एमसिसी बाट अनुदान सहायत प्राप्त गर्ने वार्ता टोली गठन गर्ने निर्णय गरेको थियो। तत्कालिन उपप्रधान तथा अर्थ मन्त्री कृष्ण बहादुर महराले मिति २०७४ जेठ १८ मा मन्त्रालयबाट स्वीकृत गरी मन्त्रिपरिषदमा पेश प्रस्तावमा भनिएको छ;– "अनुदान सहायताको सम्बन्धमा सम्बन्धित निकायहरूसंग समेत छलफल तथा परामर्श गरी आयोजना प्रस्ताव तयार गरिएको छ। यो सहयोग प्राप्तिका लागि अमेरिकी सरकारी निकायसंग शीघ्र वार्ता गर्न आवश्यक भएकोले अर्थ मन्त्रालय, कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय, उर्जा मन्त्रालय, भौतिक योजना तथा मन्त्रालय, महालेखा नियन्त्रणको कार्यालय, Office of the Millennium Challenge Nepal र नेपाल विद्युत प्राधिकरणका प्रतिनिधिहरू सम्मिलित एक वार्ता टोली गठन गर्नुपर्ने भएको छ ।"

यसले प्रष्ट हुन्छ,माओवादी यो प्रक्रियामा शुरूवातदेखि नै संलग्न थियो । माओवादी नेतृत्वको पुष्पकलम दाहाल प्रधानमन्त्री र कृष्ण बहादुर महरा उपप्रधान तथा अर्थमन्त्री रहेको सरकारले नै सम्झौता आवश्यक छ भनेर सहायता प्राप्तिका लागि तयारी गर्न वार्ता टोली गठन गरेको थियो। त्यतिवेला सो वार्तटोलीले तयार गरेको आधारमा नै सम्झौता अगाडि बढेको हो ।

सम्झौता हस्ताक्षर गर्ने समयमा माओवादी सहितको गठवन्धन सरकार थियो भने २०७४ सालको निर्वाचन पश्चात् बनेको नेकपा नेतृत्वको केपी ओलीको मन्त्रीपरिषद्ले २०७५ माघ सम्झौतालाई अनुमोदनका लागि प्रतिनिधिसभामा पेश गर्ने निर्णय गरी संसदमा दर्ता गरेको थियो। जुन सरकार नेकपा एमाले र माओवादी केन्द्र मिलेर बनेको नेकपाको सरकार हो ।

**ट. भ्रमः** एमसिसी अनुदान सहायताबाट बन्ने प्रसारण लाइनको नेपालका लागि कुनै महत्व र आवश्यता छैन । यसबाट नेपाललाई कुनै फाइदा छैन। यो अनुदान नेपालको आवश्यकता अनुसारका आयोजना बनाउन होइन अमेरिकाले नेपालको वन/जंगल मास्न र खानी खनिज कब्जा गर्न आएको हो ?

**यथार्थः** एमसिसी अनुदान सहायता नेपालको आवश्यकता अनुसार विद्युत प्रसारण लाइन निर्माण र सडक निर्माण तथा मर्मत कार्यका लागि हो। यी आयोजना नेपालले छनोट गरेको हो। नेपालको पूर्वाधार विकासका लागि महत्वपूर्ण आयोजना हो। यसले काठमाडौंको उत्तरपूर्वमा अबस्थित लप्सीफेदीदेखि काठमाडौंको पश्चिममा रहेको रातमाटेसम्मको खण्ड, रातमाटेदेखि हेटौंडासम्मको खण्ड, रातमाटेदेखि दमौलीसम्मको खण्ड, दमौलीदेखि बुटवलसम्मको खण्ड र बुटवलदेखि भारतको

सीमासम्मको खण्डमा ४०० के.भी. क्षमताको प्रसारण लाइनहरू तथा रातमाटे, दमौली र बुटवलमा सवस्टेशन निर्माण र ३०५ किलोमिटर सडकको स्तरोन्नति गर्नेछ। यो विद्युत प्रसारण लाइन सिन्धुपाल्चोक, काठमाडौं, नुवाकोट, धादिङ, मकवानपुर, चितवन, तनहुँ, पाल्पा, नवलपुर र परासी जिल्ला हुँदै जानेछ । यसले भविष्यमा तामाकोशी, मर्स्याङ्दी, गण्डकीका साथै क्रमश कर्णाली र पश्चिम सेतीसम्मका विद्युत आयोजनाबाट उत्पादित विजुलीलाई जोड्नेछ ।

किन यो अनुदान सहायताबाट यी प्रसारण लाइन बनाउनु पर्‍यो त भन्ने महत्वपूर्ण विषय हो । काठमाडौंको तीव्र जनसंख्या वृद्धिसंगै ऊर्जाको बढ्दो माग छ, यो झनै बढ्ने निश्चित छ । यो आयोजनाबाट लप्सीफेदीसम्म आउने ट्रान्समिसन लाइन र सब-स्टेसन तथा  मातातीर्थमा बनेको सब-स्टेसनले काठमाडौंलाई चाहिने बिजुली आपूर्ति गर्न सहज हुनेछ ।

त्यस्तै, नेपालभित्र आन्तरिक ट्रान्समिसन लाइनलाई राष्ट्रिय प्रसारण लाइनसंग जोड्न यो आयोजना महत्वपूर्ण छ । रातामाटे-तनहुं-बुटवल जोडिएपछि पूर्वमा ढल्केबरदेखि पश्चिममा बुटवल र उत्तरमा वागमती, गण्डकी प्रदेशका सबै आयोजना राष्ट्रिय प्रसारण लाइनमा जोडिन्छन् ।

अर्को विषय भनेको उर्जा व्यापारको हो । नेपालमा जुन ढङ्गले उर्जा उत्पादनका लागि आयोजनाहरू बनिरहेका छन् त्यसबाट उत्पादित विद्युत व्यापारका लागि हामीलाई गुणस्तरीय प्रसारण लाइनको आवश्यकता छ । यस अनुदान मार्फत बन्ने रातामाटे सब-स्टेसन नेपाल-चीन-भारतबीच ऊर्जा व्यापारमा त्रिदेशीय विन्दु पनि हुनेछ। एकातर्फ नेपालले रसुवागडी-केरूङ ट्रान्समिसन लाइन निर्माण गर्दैछ जुन ट्रान्समिसन लाइन रातामाटेमै जोडिन्छ अर्कातिर, रातामाटेबाट तनहुँ-बुटवल हुँदै गोरखपुर जोड्ने ट्रान्समिसन लाइन बन्छ। यो उर्जा व्यापारका लागि महत्वपूर्ण छ ।

हाम्रो लागि अन्तरदेशीय प्रसारणलाइन कति महत्वपूर्ण हुँदो रहेछ भन्ने कुरा ढल्केवर-मुजफपुर प्रसारण लाइनबाट बिजुली आयात गरेर हामीले लोड सेडिङ मुक्त भएबाटै प्रष्ट हुन्छ । यो जस्तै, बुटवल-गोरखपुर, लम्की-बरेली, अत्तेरिया-बरेली, कोहलपुर-लखनौं र इनरूवा-पूर्णिया प्रसारण लाइन बनाउने हाम्रो विद्युत प्राधिकरणकै ग्रान्ड मास्टरप्लान हो ।

त्यसैले आन्तरिक विजुलीको आपूर्ति, आन्तरिक तथा अन्तरदेशीय प्रसारण लाइनमा जोड्न यो आयोजना महत्वपूर्ण हुनेछ । यदी यो प्रसारण लाईन अहिले बन्न सकेन भने नेपालको आन्तरिक स्रोतले गुणस्तरीय प्रसारण लाइन बनाउन दशकौं लाग्नेछ। परिणाम अहिले थुप्रै आयोजनाबाट उत्पादित र उत्पादन हुने विजुली विद्युत प्राधिकरणले लिन सक्ने छैन, र आवश्यक नभएको बेला निर्यात गर्ने बाटो पनि बन्द हुनेछ ।

अतः यो प्रसारण लाइन बनाउने कुरालाई हाम्रो देशको आवश्यकता होइन भन्नु अरूण तेस्रोमा जस्तै राजनीतिक स्वार्थ प्रेरित भएर देश र जनतालाई फेरी अन्धकारको दुनियामा राख्ने कुत्सित मनसाय मात्र हो ।

**९. भ्रम**: अमेरिकाले आफ्नो चहाना अनुरूप यो प्रसारण लाईनको छनोट गरेको हो, नेपालले होइन । यसले सडक र विद्युत सम्बन्धी नियम एमसिसीले गराउँछ नेपालका नियमले काम गर्दैन। नेपालमा कुन आयोजना बनाउने भन्ने निर्णय अमेरिकाले गर्नु नेपालको सार्वभौमिकतामाथि विदेशी हस्तक्षेप हो ?

**यथार्थ**: विद्युत प्रसारण लाइन र सडक मर्मतका लागि एमसिसी अनुदान सहायता लिने निर्णय अमेरिकाले होइन नेपालले गरेको हो। छनोट हुनुपूर्व, सन् २०१२ मा अर्थ मन्त्रालय र एमसीसी मिलेर नेपालको आर्थिक बृद्धिको प्रक्रियामा के के बाधकहरू छन् भनेर 'ग्रोथ डाइगोनेस्टिक स्टडी' गऱ्यो। त्यसको प्रतिवेदनले विद्युत अभाव, सडक यातायात, नीतिगत निरन्तरताको अभाव र श्रम समस्या गरी चारवटा कुरा पहिचान गऱ्यो । हामीले जुन आयोजना पनि छानेर यस अनुदान सहायता प्रक्रियामा अगाडि बढ्न सक्थौं । तर हाम्रो नीम्ति प्रसारणलाईन अति आवश्यक थियो भने सडक निर्माण पनि नयाँ प्रविधि बाट हुने भएकाले नेपालले पहिलो र दोस्रो योजनालाई प्राथमिकता दियो र विद्युत प्रसारण लाइन र सडकको आयोजना छनौट गऱ्यौं । यसरी सुशील कोइराला प्रधानमन्त्री भएको समयमा नेपालको यो परियोजना अनुदान सहायताका लागि छनोट भयो ।

त्यस पश्चात विद्युत र सडक क्षेत्रका विज्ञहरूको टीमले दुई वर्ष तयारी गऱ्यो र २०१७ मा सम्झौता (कम्प्याकट) मा हस्ताक्षर भयो । त्यसैले यो योजनाको छनोट अमेरिकाले होइन नेपालले आफ्नो आवश्यकता र प्राथमिकताका आधारमा छनोट गरेको हो ।

त्यसैगरी यो आयोजना नेपालको प्रसारण लाइन गुरूयोजना २०१५ मा समावेश भएको, प्रसारण लाइन विकास योजना २०१७ ले आवश्यकता महशुस गरेको तथा नेपाल सरकारको मिति २०७५ असोज ५ गतेको निर्णय अनुसार राष्ट्रिय गौरवको आयोजनामा समावेश भएको आयोजना हो । नेपालले अन्य सिंचाई आयोजना, विद्युत आयोजना, सडक आयोजनालाई राष्ट्रिय गौरवको आयोजनामा समावेश गरेजस्तै नेपालले नै ऊर्जा क्षेत्रको राष्ट्रिय आवश्यकता हेरेर 'हाइभोल्टेज' प्रसारण लाइन विस्तारको आयोजना छनौट गरेको हो । एमसिसी सहयोगबाट बनेका आयोजनाको पूर्ण स्वामित्व नेपालको रहन्छ। आयोजनाको संचालन कार्यविधि पनि नेपालले बनाउँछ।

अतः हाम्रो आफ्नो आवश्यकता र चाहना अनुरूप छनोट भएका र नेपालको हितको आयोजनामा अनुदान लिंदा कसरी यो विदेशी हस्तक्षेप हुन्छ ।

**१०. भ्रमः** मिलेनियम च्यालेञ्ज विकास समिति (एमसिए) नेपाल अमेरिकी सरकार अन्तर्गतको निकाय हो । अमेरिकाले नेपालमा एमसिए नेपाल नामको संस्था खोलेर समानान्तर सरकार चलाउन खोज्यो । एमसिए नेपाल अमेरिकाको निर्देशनमा चल्छ ? नेपाल सरकारले निर्देशन दिन सक्दैन ।

**यथार्थः** एमसीए नेपाल (मिलेनियम च्यालेन्ज एकाउन्ट- नेपाल) विकास समिति ऐन, २०१३ अन्तर्गत गठित एक विकास समिति हो । यो नेपाल सरकार अर्थ मन्त्रालय अन्तर्गतको एक कार्यालय हो जसले एमसीसी परियोजना निर्माणका लागि काम गर्छ । नेपाल सरकारले एमसीए नेपाललाई एमसिसीबाट प्राप्त रकम सम्झौताका सर्तभित्र रहेर सडक सञ्जाल र प्रसारण लाइन निर्माण कार्यको सम्पूर्ण जिम्मेवारी प्रदान गरेको छ ।

कुनै कुनै विकास निर्माण परियोजना अन्तर्गत छुट्टै निकाय खोली परियोजनाको काम अगाडि बढाउने गरिन्छ । उदाहरणका लागि मेलम्ची खानेपानी आयोजना विकास समिति नेपाल सरकार खानेपानी मन्त्रालय अन्तर्गतको परियोजना हो । यस परियोजना निर्माणका लागि मेलम्ची खानेपानी विकास समिति गठन गरी निर्माण कार्य अगाडि बढाइयो। यस कार्यालयको नाम एसियाली विकास बैंक खानेपानी आयोजना नेपाल पनि राख्न सकिन्थ्यो। यदी त्यस्तो भएको भए सायद हामीलाई त्यो विदेशी हस्तक्षेप लाग्थ्यो होला।

यस मिलेनियम च्यालेञ्ज एकाउन्ट नेपाल (एमसिए–नेपाल) विकास समितिको नाम लप्सीफेदी–रातामाटे–दमौली बुटवल प्रसारण लाईन आयोजना बिकास समिति राखेको भए हामीलाई हस्तक्षेप लाग्दैनथ्यो होला । यदी त्यो नाम भएको भए जसरी हामीलाई मेलम्ची खानेपानी आयोजना सहल लाग्छ त्यस्तै हुन्थ्यो र हामी सबैले यही नाम बाट बुझ्न पनि सक्थ्यौं । त्यसैले, एमसिए नेपाल नेपाल मेलम्ची खानेपानी आयोजना विकास समिति जस्तै नेपाल सरकार अन्तर्गतको निकाय हो, अमेरिकी सरकार अन्तर्गतको निकाय होइन ।

**११. भ्रमः** एमसिए नेपाल अमेरिकी सरकारले गठन गरेको हो ?

**यथार्थः** २०७४ को निर्वाचन पश्चात केपी शर्मा ओली नेतृत्वको त्यस सरकारले एमसिसीबाट प्राप्त अनुदानलाई निर्धारित लक्ष्य हासिल गर्ने गरी संचालन र कार्यान्वयन गर्नका लागि मिलेनियम च्यालेञ्ज एकाउन्ट विकास समिति (MCA-Nepal) को गठन गरेको हो । नेकपाको केपी ओली नेतृत्वको सरकारले मन्त्रीपरिषद्को निर्णय बमोजिम वैशाख ५ गते २०७५ सालमा नेपाल राजपत्रमा "मिलेनियम च्यालेन्ज एकाउन्ट नेपाल विकास समिति (गठन) आदेश, २०७४" प्रकाशन गरी एमसिए–नेपाल विकास समिति गठन भएको हो । यो नेपाल सरकारले गठन गरेको हो र नेपाल सरकार अन्तर्गतको निकाय हो। यति प्रष्ट कुरालाई अमेरिकी सरकारले गठन गरेको र

अमेरिका अन्तर्गतको भन्नु पुर्णत भ्रामक छ ।

१२. **भ्रम**: एमसिए-नेपालको बोर्डमा अमेरिकाले नियुक्त गरेका व्यक्ति रहन्छन । नेपालले अमेरिकालाई सोधेर मात्र नियुक्ति गर्न पाउँछ । यो अमेरिकी सरकारको नियन्त्रणमा रहन्छ । नेपाल सरकारको निर्देशन र नेपालको कानून एमसिएले मान्दैन ?

**यथार्थ**: एमसिए-नेपाल नामक विकास समितिको बोर्डमा नेपाल सरकारले नियुक्ति गरेका देहाय बमोजिमका सदस्यहरू हुन्छन् ।

क) सचिव, अर्थ मन्त्रालय - अध्यक्ष

ख) सहसचिव, उर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय -सदस्य

ग) सहसचिव, भौतिक पूर्वाधार तथा यातायत मन्त्रालय - सदस्य

घ) कार्यकारी निर्देशक, नेपाल विद्युत प्राधिकरण -सदस्य

ङ) नागरिक समुदायको तर्फबाट एक जना -सदस्य

च) निजी क्षेत्रका व्यापारिक संघ तथा संस्थाहरू मध्येबाट एकजना -सदस्य

छ) कार्यकारी निर्देशक -सदस्य सचिव

नेपाल सरकारको विशिष्ट श्रेणीको कर्मचारीले नेतृत्व गर्ने र सरकारको आदेशद्वारा गठित संस्थालाई स्वायत्त ढङ्गले काम गर्न र सहयोग, परामर्श, सार्वजनिक खरिद जस्ता करारजन्य सम्झौता गर्न दिइएको सरकारले नै गठन आदेश मार्फत अधिकार दिएको हो। यो पूर्णतः नेपाल सरकारको नियन्त्रणमा रहेको संरचना हो । एमसिसी अनुदान कार्यान्वयनका लागि बनेको संरचना भएकोले नियुक्ति गर्दा जानकारी गराउने व्यवस्था हो। यो अमेरिकाको नियन्त्रण, निर्देशन र कानून अनुसारको संरचना हो भन्नु गलत छ ।

१३. **भ्रम**: एमसिसी र एमसिए नेपाल अमेरिका कै निकाय हुन । एमसिए नेपाल एमसिसीको नेपालमा रहने कार्यालय हो जसले नेपालमा नेपालको हितको लागि होइन एमसिसीको स्वार्थ अनुसार काम गर्छ। एमसिसीको नाममा नेपालको कानूनले नसमात्ने गरी छुट्टै खाता हुन्छ र व्याज समेत अमेरिकामा जान्छ ?

**यथार्थ**: कतिपयले एमसिसी र एमसिए नेपाललाई एउटै रूपमा व्याख्या गर्ने गरेको पाइन्छ। यथार्थता त्यस्तो होइन । अमेरिकी संसदबाट पारित 'मिलेनियम च्यालेञ्ज कर्पोरेशन एक्ट' द्वारा स्थापित भएको एमसिसी अमेरिकी सरकार अन्तर्गतको विशेष संरचना हो। उक्त ऐन अनुसार एमसिसीको अध्यक्षमा अमेरिकी विदेशमन्त्री रहने, यसको सञ्चालक समितिमा अमेरिकी संसदका दुवै सदनका सत्ता र प्रतिपक्ष (बहुमत र

अल्पमत) का प्रतिनिधि रहने व्यवस्था छ। स्मरणीय कुरा त के छ भने, त्यसमा रक्षा मन्त्रालय या रक्षा सम्बद्ध कुनै पदाधिकारी नरहने एवं ऐन स्वयंले एमसिसीको कुनै पनि स्रोत सैन्य तालिम या गतिविधिमा प्रयोग गर्न निषेध गरेको व्यवस्थाबाट यसलाई आर्थिक सहायता संयन्त्रका रूपमा स्थापना र विकास गर्न खोजेको स्पष्ट देखिन्छ ।

अर्कोतर्फ, एमसिए (मिलेनियम च्यालेन्ज एकाउन्ट) नेपाल विकास समिति नेपाल सरकारको विकास समिति (गठन आदेश) बाट गठित निकाय हो, जसमा अर्थसचिव सञ्चालक समितिको अध्यक्ष रहने व्यवस्था छ। एमसिए नेपालको सञ्चालक समितिमा ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयका सह–सचिव, भौतिक पूर्वाधार मन्त्रालयका सह–सचिव, विद्युत् प्राधिकरणका कार्यकारी निर्देशक, निजी क्षेत्रको प्रतिनिधि, नागरिक समाजको प्रतिनिधि सदस्य र एमसिए विकास समितिका कार्यकारी निर्देशक सदस्य–सचिव रहने व्यवस्था छ। यसको आमन्त्रित सदस्यका रूपमा एमसिसीबाट एक जना राखिएको छ, जसको मताधिकार हुँदैन ।

उक्त संस्थालाई नेपालको तर्फबाट एमसिसीबाट प्राप्त रकम सम्झौताका शर्तभित्र रहेर सडक सञ्जाल र प्रसारण लाइन निर्माणमा खर्च गर्न लगाउने लगायत सबै कामको व्यवस्थापन आधिकार र दायित्व दिएको छ। एमसिसीको नाममा नेपालका कुनै बैंक खाता रहँदैन। एमसिसीबाट प्राप्त रकम एमसिए नेपालको खातामा जम्मा हुन्छ अर्थात यो नेपाल सरकार अन्तर्गतकै एउटा खाता हो । यस खाताको लेखा परीक्षण नेपालको महालेखा परीक्षकको कार्यालयले गर्छ। अहिले पनि गररहेको छ ।

**१४. भ्रमः** एमसीए नेपाल नेपाल सरकार भन्दा माथि हो ? एमसिएलाई नेपाल सरकारले कुनै निर्देशन दिन पाउदैन । नेपाल सरकारले निर्देशन दिएमा हस्तक्षेप गरेको मानिनेछ ।

**यथार्थः** नेपालले एमसिएलाई असीमित अधिकार दिने, सरकारले उक्त समितिलाई कुनै नीति-निर्देशन दिन र अनुगमन गर्न नपाउने, एमसिए एमसिसीको नियन्त्रण र निर्देशनमा चल्ने, एमसिसीले दिने सुझाव र सल्लाह नेपालले मान्नैपर्ने जस्ता दाबी शत प्रतिशत भ्रमपूर्ण छन । एमसिए नेपाल नेपाल सरकर अन्तर्गतको निकाय हो। यो संस्था नेपाल सरकारको नियन्त्रणमा रहन्छ र यसले नेपाल सरकारको नीति अनिवार्य रूपमा मान्नुपर्दछ । एमसिए–नेपाल एमसीसीको नियन्त्रणमा रहने उल्लेख कम्प्याक्टमा कतै गरिएको छैन । नेपाल सरकारका विशिष्ट श्रेणीको कर्मचारीले नेतृत्व गर्ने र सरकारको आदेशद्वारा गठित संस्थालाई स्वायत्त ढङ्गले काम गर्न र सहयोग, परामर्श, सार्वजनिक खरिद जस्ता करारजन्य सम्झौता गर्न दिइएको अधिकारलाई नेपाल सरकारलाई सबै भूमिकाबाट अलग गरेको भन्ने विश्लेषण गर्नु गलत हो। यसले नेपालका सबै नियम–कानुन पालन गर्नुपर्ने दायित्व हुन्छ ।

माथि भनिए जस्तै नेपाल सरकार अर्थ मन्त्रालय अन्तर्गतको यो कार्यालयको अध्यक्ष अर्थ मन्त्रालयका सचिव हुन्छन् भने एमसिए–नेपालको सञ्चालक समितिमा ऊर्जा,

जलस्रोत तथा सिँचाइ मन्त्रालयका सह-सचिव, भौतिक पूर्वाधार मन्त्रालयका सह सचिव, विद्युत प्राधिकरणका कार्यकारी निर्देशक, निजी क्षेत्रको प्रतिनिधि, नागरिक समाजको प्रतिनिधि सदस्य र एमसिए विकास समितिका कार्यकारी निर्देशक सदस्य-सचिव रहने एमसिए नेपाल जसमा एमसिसीबाट एक जना आमन्त्रित सदस्यका रूपमा मात्र रहन्छ। जसको कुनै पनि मताधिकार हुँदैन । यसले एमसीसीसँगको सम्झौतामा नेपाल सरकारको प्रतिनिधित्व गर्ने हैसियत समेत राख्दछ ।यसरी नेपालका कर्मचारी तथा अन्य बहुमत सदस्य मा नेपालको प्रतिनिधित्व हुने संस्था कुन आधारमा नेपाल सरकार भन्दा माथि रहन्छ? अतः नेपाल सरकार अन्तर्गतको नेपालको कानून बमोजिम बनेको र नेपाल सरकारको अर्थ मन्त्रालयका सचिवको नेतृत्वको संस्था अमेरिकाको नियन्त्रणमा छ रहन्छ बन्नु भ्रम सृजना गर्नु मात्रै हो।

**१५. भ्रम**: नेपालले एमसिसीका नाममा जग्गाधनी पुर्जा दिएको छ । एमसिसी अनुदान अन्तर्गतका आयोजनाको नीम्ति आवश्यक जग्गाको स्वामित्व अमेरिकासंग रहन्छ । यसरी अमेरिकाले जग्गा कब्जा गर्छ र सो जग्ग्गामा अमेरिकाले ब्यारेक बनाउँछ ?

**यथार्थ**: एमसीसीको नाममा कुनै जग्गा वा स्रोत हुँदैन । यो एकदम गलत हो । अनुदानमा निर्माण गर्न लागेको प्ररियोजनाको आवश्यक जग्गा अधिग्रहण नेपालको कानुन अनुसार हुन्छ । आयोजनाका लागि आवश्यक सम्पूर्ण चल अचल सम्पत्ति एमसिए-नेपालले खरिद गर्छ र ती सम्पत्ति एमसिए नेपालको नाममा हुन्छन। एमसिए नेपालको नाममा जग्गा रहनु भनेको मेलम्ची खानेपानी आयोजनाका नाममा जग्गा रहनु भनेको जस्तै हो । यस परियोजना निर्माणसम्बन्धी सम्पूर्ण कार्य सञ्चालन एमसिए नेपाल विकास समितिले गर्छ । एमसिए नेपाल नेपालको विकास समिति ऐन, २०१३ ले दिएको अधिकार अनुसार बनेको हो जसको अध्यक्ष अर्थ मन्त्रालयका सचिव हुन्छन। परियोजनाका लागि आवश्यक जग्गा सधैं नेपाल सरकार वा नेपाल सरकारका निकायको स्वामित्वमा रहन्छ। यस आयोजना अन्तर्गतका कुनै पनि सम्पत्ति एमसीसीको स्वामित्वमा हुँदैन। अर्थात अमेरिकाको स्वामित्वमा रहेदैन। आयोजना सकिएपछि यो सम्पत्ति नेपाल सरकारले तोकेको निकायमा हस्तान्तरण रहन्छ। एमसिसीको अनुदानबाट प्राप्त गरिएका जग्गा, उपकरण तथा सम्पत्तिमा एमसिसी वा अमेरिकी सरकारको कुनै स्वामित्व रहदैन। सार्वभौम अधिकार नेपालको रहन्छ। स्मरण रहोस मेलम्ची लगायत अन्य यस्तै आयोजनामा पनि सम्पत्ति कार्यान्वयन गर्ने त्यस्तै आयोजनाको नाममा रहन्छ। अतः एमसिए नेपालको नाममा रहेको जग्गालाई अमेरिकाले कब्जा गर्छ र अमेरिकी सेनाले ब्यारेक बनाउछ भन्ने धारणा पूर्णत भ्रामक, तथ्य हिन र वदनियतपूर्ण छ।

**१६. भ्रम**: एमसिसी परियोजना र यसको कामलाई सम्पुर्ण रूपमा कर छुटको बिशेष सुविधा छ ?

**यथार्थ** : एमसीसी सहयोग कर रहित अनुदान हो । यस अनुदानमार्फत खरिद गरिएका

कुनै पनि उपकरण, सम्पत्ति वा सेवामा कर लाग्दैन । अनुदानबाट प्राप्त सम्पूर्ण रकम परियोजनाकै लागि खर्च हुन सकोस् भनेर यस्तो व्यवस्था गरिएको हुन्छ । एमसिए–नेपाल आय आर्जन नगर्ने निकायका हो त्यसैले यसले कर तिर्दैन तर यस कार्यालयको कर्मचारीले भने आयकरको नियम अनुसार कर तिर्नु पर्दछ । जहाँसम्म यसमा काम गर्ने विदेशी कर्मचारीको हकमा नेपालको कर सम्बन्धि प्रचलित कानूनले नै कर तिर्नु नपर्ने व्यवस्था गरेको छ । नेपाल सरकारले गरेका अन्य सम्झौतामा पनि कर सम्बन्धि यो व्यवस्था हुन्छ ।

**१७.भ्रम**ः नेपाल सरकारले भारतको सहमतिमा मात्रै एमसिसी अनुदान अन्तर्गतका परियोजना बनाउन पाउँछ । हाम्रो देशको प्रसारण लाइन बनाउने सम्झौता गर्दा भारतको सहमति लिनुपर्ने कुरा हाम्रो सार्वभौमसत्ता माथिको ठाडो हस्तक्षेप हो ?

**यथार्थ**ः नेपालको प्रसारण लाइन र सडक बनाउँदा भारतको सहमति लिनुपर्ने भनेर यो विषयलाई अतिरन्जित गर्न कुप्रचार भइरहेको छ। तथ्य त्यस्तो होइन । एमसिसी अनुदान सहायताबाट काठमाडौंको उत्तरपूर्वमा अबस्थित लप्सीफेदीदेखि काठमाडौंको पश्चिममा रहेको रातमाटेसम्मको खण्ड, रातमाटेदेखि हेटौंडासम्मको खण्ड, रातमाटेदेखि दमौलीसम्मको खण्ड, दमौलीदेखि बुटवलसम्मको खण्ड र बुटवलदेखि भारतको सीमासम्मको खण्डमा ४०० के.भी. क्षमताको प्रसारण लाइनहरू तथा रातमाटे, दमौली र बुटवलमा सवस्टेशन निर्माण र ३०५ किलोमिटर सडकको स्तरोन्नति गरिने हो । यो प्रसारण लाइन नेपाल–भारत सीमासम्म बन्छ । हामीले सिमासम्म प्रसारण लाइन बनाउने अनि सिमादेखि गोरखपुरसम्म भारतले प्रसारणलाइन बनाएन भने यो लगानी त्यतिकै खेर जान्छ । यो क्रसबोर्डर प्रसारण लाइन भएकोले नेपालले भारतसँग बुटवल–गोरखपुर खण्डमा नेपालको सिमादेखि गोरखपुरसम्मको विद्युत प्रसारण लाइन निर्माण गर्न सुनिश्चितता खोजेको हो। यो हाम्रो प्रसारण लाईन कार्यान्वयनका लागि संभव बनाउनका क्रस बोर्डर प्रसारण लाइनका सन्दर्भमा भारतको सहमति आवश्यक छ भनिएको हो । त्यस्तै, केही वर्ष अगाडि निर्माण भएको अर्को परियोजना "ढल्केवर मुजफ्फपुर क्रसबोर्डर प्रसारण लाइन" बनाउँदा नेपाल भारतवीच यस्तै सहमति भएको थियो ।

अतः वुटवल गोरखपुर खण्डको क्रस बोर्डर प्रसार लाइन बाहेक नेपाली भूमिमा बन्ने कुनै पनि प्रसारण लाइन वा सब–स्टेसन वा सडक वा अन्य आयोजनाका लागि भारतको सहमति आवश्यक पर्ने भनेको होइन । उदाहरणका लागि दाङमा बन्ने सडकका लागि सहमति चाहिदैन। स्मरण रहोस् गोरखपुर बुटवल अन्तर्देशीय प्रसारण लाइन परियोजना विकास गर्न यो भारत र नेपालबीच आपसी सहमति भइसकेको छ।

**१८. भ्रम**ः परियोजनाको लेखा परीक्षण नेपालले गर्न नपाउने, अमेरिकी कम्पनीले मात्रै लेखापरिक्षण गर्न पाउँछ । नेपालले परियोजनाका लागि छुट्टाएको १३० मिलियन

अमेरिकी डलर (करिव १४ अर्व रूपैया) को समेत नेपालले लेखा परीक्षण गर्न नपाउने अमेरिकाले नै गर्ने ।

**यथार्थ**: नेपालले लेखा परीक्षण गर्न नपाउने भन्ने कुरा भ्रामक र कपोलकल्पित छ । परियोजनाका लागि खर्च गरिएको रकमको सम्झौताको दफा ३.८ ले किटानिका साथ नेपालको महालेखा परीक्षकको कार्यालयले नेपालको संविधान बमोजिम एमसिसी परियोजनाको लेखा परीक्षण गर्न पाउने अधिकार प्रष्ट छ। महालेखा परीक्षकको कार्यालयले एमसिए नेपालको लेखापरीक्षण अहिले पनि गरिरहेको छ। त्यसैले, सम्झौताले अनुदानबाट आएको रकमको लेखा परीक्षण गर्ने तथा त्यसका लागि लेखा परीक्षक नियुक्त गर्नेजस्ता पूर्ण अधिकार एमसिसीमा मात्र रहेको र नेपालमा त्यस्तो हिसाब-किताबको लेखा परीक्षण गर्न अधिकार नरहेको भनी दुस्प्रचार गरेको पाइन्छ।

**१९. भ्रम**: परियोजनाका क्रममा उत्पन्न हुने बौद्धिक सम्पत्तिमा अमेरिकाको पूर्ण अधिकार हुन्छ ।

**यथार्थ** : एमसिसी परियोजनाको कार्यान्वयनबाट प्राप्त हुन आउने बौद्धिक सम्पत्तिमा अमेरिकाको अधिकार रहने र नेपालको केही नरहने भन्ने गलत प्रचार हो। सम्झौताले परियोजनाबाट प्राप्त बौद्धिक सम्पत्तिमा नेपालको पूर्ण र सर्वप्रथम स्वामित्व कायम रहने भन्ने कुरा सुनिश्चित गरेको छ । सरकारले आफ्नो तर्फबाट वैद्धिक सम्पत्तिको कुनै अंश एमसिसीलाई दिनसक्ने कुरालाई भ्रमपूर्ण बनाउँदै स्वामित्व नै नेपालमा नरहेको भनिएको छ जुन गलत छ।

**२०. भ्रम**: अमेरिकी सरकारले चाहेमा जुनसुकै बेलामा यो सम्झौता रद्ध गर्न सक्ने, नेपालले चाहेर पनि सम्झौता खारेज गर्न नसक्ने ?

**यथार्थ**: सार्वभौम राष्ट्रको हैसियतमा नेपाल सरकार र अमेरिकी सरकार दुवैको तर्फबाट एकपक्षीय रूपमा ३० दिनको सूचना दिएर सम्झौताको अन्त्य गर्न सक्ने समान अधिकार छ । कम्प्याक्टको दफा ५.१ (क) मा स्पष्ट रूपमा 'कुनै पक्षले अर्को पक्षलाई ३० दिनको लिखित पूर्व सूचना दिई पूर्ण रूपमा बिना कुनै कारण यो सम्झौता अन्त्य गर्न सक्नेछ' उल्लेख गरिनुको अर्थ नेपाल सरकार र एमसीसी दुवै पक्ष सम्झौता गर्न सक्षम हुनु हो । यस्तो व्यवस्था अन्य अनुदान तथा ऋण सम्झौतामा पनि समावेश गर्ने गरिएको छ । हाल कार्यान्वयनमा रहेका एसियाली विकास बैंकको ऋण सहयोगसम्बन्धी सम्झौता, यूएसएआइडीसँगको सम्झौता र अन्य सम्झौतामा पनि रद्द वा अन्त्य गर्ने प्रावधान समान रहेको छ । दुवै पक्ष कुनै पनि बेला कुनै पनि कारणले सम्झौता रद्द गर्न स्वतन्त्र छन् ।

नेपाललाई यदि नेपालको राष्ट्रिय सुरक्षा र सार्वभौमिकता माथि कुनै पनि शंका महसुस भए नेपालले ३० दिनको सूचना जारी गरी यस परियोजना बाट बाहिरिन सक्दछ । त्यसैले सम्झौता खारेज गर्ने अधिकार अमेरिकी सरकारलाई मात्र भएको

भनी फैलाइएको हल्लामा कुनै सत्यता छैन ।

**२१. भ्रमः** एमसिसी सम्झौता पारित भएपछि नेपालले अमेरिकी कानुन मान्नुपर्ने । एमसिसी पारित भएपछि अमेरिकी कानून सक्रिय हुने ?

**यथार्थः** एमसिसी सम्झौता पारित भएपछि नेपालले अमेरिकी कानून मान्नुपर्ने वा लागु हुने होइन। यो कुत्सित मनसायका साथ जनतामा भ्रम र उत्तेजना फैलाउन गरिएको हो । सम्झौतामा भएको २ वटा दफाले यो भ्रम फैलाइएको छ ।

पहिलो, सम्झौताको दफा ७.१ मा 'प्रस्तुत सम्झौता लागु भएपश्चात प्रस्तुत सम्झौता र नेपालको राष्ट्रिय कानून बाझिएमा प्रस्तुत सम्झौता लागु हुनेछ' भन्ने प्रावधानलाई देखाएर नेपालले अमेरिकी कानून मान्नुपर्ने भन्ने भ्रम सृजना गरिएको छ । यो व्यवस्था नेपालको सन्धि ऐनको व्यवस्था अनुरूप नै हो । सन्धि भनेको अन्तर्राष्ट्रिय प्रकृतिको दुई वा दुई भन्दा बढी राज्यबीच भएको सम्झौता हो । यस सन्दर्भमा नेपालको सर्वोच्च अदालतले पनि व्याख्या गरिसकेको छ । सन्धिको प्रमुख विशेषता भनेको नेपाल देशको आन्तररिक कानून अथवा नेपालको सन्दर्भमा नेपालको कानून सरह लागु गरिनु पर्छ भन्ने हो। अन्तराष्ट्रिय कानून र नेपालको सन्धि ऐनले अंगिकार गरेको प्रमुख सिद्धान्त पनि यहि हो। सन्धि वा सम्झौतामा उल्लेखित कुनै प्रावधान प्रचलित कानूनसंग बाझिएमा सम्झौता लागु हुन्छ भन्नुको अर्थ अमेरिकी कानून लागु हुने वा सक्रिय हुने भनेको होइन। अर्को कुरा एमसिसी सम्झौतामा रहेका नै पनि प्रावधान अहिलेको नेपालको प्रचलित कानूनसंग बाझिएका छैनन्। यदी भविष्यमा नेपालले आफ्ना कानून बनाउँदा कुनै प्रावधान वाझिएको हदसम्म यो परियोजना कार्यान्वयनको हकमा यो सम्झौतामा लेखिएको कुरा लागु हुन्छ भनिएको हो ।

दोस्रो, सम्झौताको ५.१(ख)(३)मा भएको 'एमसिसी वित्तीय व्यवस्थापनको उपयोग वा प्रस्तुत सम्झौताको कार्यान्वय वा कार्यक्रमले वर्तमान बा भविष्यमा लागु हुने प्रचलित कानून वा संयुक्त राज्य अमेरिकाको सरकारको नीति उलङ्घन गरेमा' भन्ने प्रावधानलाई लिएर नेपालमा अमेरिकी कानून लागु हुने भन्दै प्रचार गरेको पाइन्छ । यो भनेको अब उप्रान्त नेपालमा बन्ने कानून सवै अमेरिकाको अनुकूल हुनुपर्छ भनेर प्रचार गरिएको छ । यो सम्पूर्ण रूपले गलत छ। यस सन्दर्भमा स्पष्ट छ– यो एमसिसीको अनुदानको हकमा मात्रै हो अर्थात अनुदानको पैसा अमेरिका कै विरूद्ध प्रयोग गर्न पाइदैन। त्यस बाहेक अन्य अनुदान, ऋण, कार्यक्रम र नेपालको नीतिसंग यो सम्बन्धित छैन । नेपाल सरकारले सोधेको प्रश्नमा पनि अमेरिकाले यो विषयलाई स्पष्ट गरिसकेको छ । जुन प्रयोजनका लागि सहयोग गरिएको हो सोहि प्रयोजनमा खर्च होस् र जसले सहयोग गरेको हो उसकै विरूद्ध यो अनुदान प्रयोग नहोस भन्ने हेतुले राखिएको यो व्यवस्थालाई अतिरञ्जित गरिएको छ। एउटा सार्वभौम राष्ट्रका हैसियतले आफ्नो हित अनुकूल निर्णय गर्न,अन्य कुनै

मुलुकसंग सहायता सम्झौता गर्न नेपाल स्वतन्त्र छ। अर्को कुरा यो अन्तराट्रिय सम्झौता भएकोले यस सम्झौतामा पनि अमेरिकी कानून होइन अन्तराष्ट्रिय कानून लागु हुन्छ ।

**२२. भ्रम**: एमसीसी सम्झौतामा धेरै पूर्व शर्तहरू राखिएको छ, अन्य अनुदान सम्झौतामा यति धेरै शर्त हुदैनन् । अमेरिकाले यस्ता शर्त मार्फत नेपालमा आफ्नो कब्जा जमाउने रणनीति हो ।

**यथार्थ**: एमसीए नेपालले परियोजना ५ वर्षमा सम्पन्न गर्नुपर्ने अनुदान सहायता सम्झौता हो। यस अन्तर्गतको निर्माण कार्य सुरू गरिसकेपछि कार्यान्वयन प्रक्रियामा कही पनि अवरूद्ध नहोस् भन्ने लक्ष्य अनुरूप केही पूर्व शर्त रहेको पाइन्छ । ति सवै सर्तहरू पुरा भएपछि यो कार्यान्वयन चरणमा जान्छ र ५ वर्षमा यो सम्पन्न गर्नुपर्छ । यो किन पनि आवश्यक छ भने-नेपालमा थुप्रै आयोजनाहरू समयमा सकिएका छैनन, बर्षौं लागेर पनि काम सम्पन्न हुन सकेको छैनन। यो वास्तविकतालाई ध्यान दिदै समयमा आयोजना सम्पन्न गर्नका लागि त्यस्ता सर्त र पूर्वतयारीका विषय रहेका हुन ।

**२३. भ्रम**: एमसिसी सहायता सम्झौता संसदमा अनुमोदनका लागि लैजानुपर्ने भनेर सरकारले निर्णय गरे कै थिएन। त्यसैले यो सामान्य सम्झौता संसदबाट अनुमोदन गराउने भनेर अमेरिकाको स्वार्थ पुरा गर्न खोजियो ।

**यथार्थ**: नेकपा नेतृत्वमा रहेको केपी शर्मा ओलीको सरकारको मिति २०७५ माघ २५ गतेको मन्त्रिपरिषद्को वैठकले 'मिलेनियम च्यालेन्ज कम्प्याक्ट' अनुमोदनका लागि संसदमा पेश गर्ने देहाय बमोजिमको निर्णय गरेको थियो।

नेपाल सरकार र संयुक्त राज्य अमेरिकाको मिलेनियम च्यालेन्ज कर्पोरेशन (MCC) बीच सम्पन्न "मिलेनियम च्यालेन्ज कम्प्याक्ट" अनुमोदनका लागि संघीय संसदमा पेश गर्ने ।

सोही प्रस्तावका आधारमा २०७६ असार ३० गते अनुमोदनको लागि संसदमा दर्ता गरेको थियो । नेकपा नेतृत्वको उक्त सरकार तत्कालिन नेकपा एमाले र तत्कालिन माओवादी केन्द्र मिलेर वनेको नेकपा र जसपा लगायतका दलहरूको सरकार हो । मन्त्रिपरिषदबाट संसदमा अनुमोदनका लागि पेश गर्ने उक्त निर्णयमा सरकारमा सहभागी कसैको पनि त्यतिवेला विमति थिएन ।

मन्त्रिपरिषदले संसदमा पेश गर्न निर्णय गरेको सो प्रस्तावमा भनिएको छ–'नेपालमा जलविद्युत उत्पादनको क्षेत्रमा प्रशस्त लगानी भएको र गुणस्तरीय प्रसारण लाइनको अभावमा पर्याप्त विद्युत आपूर्ति हुन नसकेको साथै अन्य देशहरूसंगको विद्युत व्यापारका लागि विश्वसनीय, उच्च क्षमतायुक्त विद्युत प्रसारण लाइन आवश्यक

रहेकोले उत्पादित विद्युतको प्रसारण र वितरणमा सहजता ल्याउन नेपालमा विद्युत प्रसारण लाइनको क्षेत्रमा थप लगानी आवश्यकता रहेको छ । तसर्थ एमसिसीले विद्युतको विश्वसनीय, उच्च क्षमतायुक्त प्रसारण लाइन निर्माणमा र सडकको मर्मत समभारमा सहयोग गर्ने लक्ष्य राखेको र यसले मुख्य रूपमा उर्जा क्षेत्रको विकासमा सहयोग पुऱ्याउने हुँदा नेपालले प्रस्तुत अनुदान सहायता प्राप्त गर्न सम्झौतामा हस्ताक्षर गरेको हुँदा सम्झौतालाई अनुमोदन गर्नु उपयुक्त देखिन्छ ।'

स्मरण रहोस, उक्त केपी ओली नेतृत्वको सरकार हालका माओवादी केन्द्र,एकीकृत समाजवादी र जनता समाजवादी पार्टी सहितको सरकार हो ।

**२४. भ्रम**: एमसिसी अनुदान सहायता सम्झौता नेपाल सरकार र अमेरिकी सरकार बीच सम्पन्न सम्झौता होइन । नेपाल र अमेरिकाको कम्पनीका बीचमा भएको सम्झौता हो । एउटा कम्पनीसंग गरेको सम्झौतालाई सन्धि मान्न मिल्दैन ।

**यथार्थ**: सन्धि भनेको अन्तर्राष्ट्रिय प्रकृतिको दुई वा दुई भन्दा बढी राज्यबीच भएको सम्झौता हो । MCC Compact को पक्ष राष्ट्र नेपाल र संयुक्त राज्य अमेरिका, दुई राज्य हुन् । MCC Compact यो अमेरिका र नेपाल दुई राज्य बीच सम्पन्न सम्झौता हो । अमेरिकी विदेश मन्त्री प्रमुख रहेको मिलेनियम च्यालेञ्ज कर्पोरेशन र नेपालको अर्थ मन्त्रालय त केवल क्रमशः अमेरिका र नेपालको तर्फबाट अधिकार प्राप्त निकाय मात्र हुन् ।

सन्धि सम्बन्धि भियना अभिसन्धि, १९६९ ले अन्तराष्ट्रिय कानून लागु हुने सम्झौतालाई सन्धि मानेको छ। सन्धि ऐन, २०४७ अनुसार सन्धि भनेको दूई वा दुई भन्दा बढी राज्यहरूबीच लिखित रूपमा सम्पन्न भएको सम्झौता हो। हाम्रै नजिर हेर्ने हो भने पनि सर्वोच्च अदालतले नेपाल भारतवीचको टनकपुर सम्झौताका सन्दर्भमा लिखतको नामाकरण जेसुकै गरिएको भएतापनि यदि लिखित रूपमा दुई देशहरूका बीच कुनै सम्झौता भएको छ भने त्यसलाई सन्धि मान्नुपर्ने भन्ने फैसला भएको छ ।

एमसिसी सम्झौता अन्तराष्ट्रिय कानून सिद्धान्तद्वारा निर्देशित अन्तराष्ट्रिय सम्झौता हो । ५ वर्षको कार्यान्वयन अवधि किटान गरिएकोले पनि यसको कार्यान्वयनमा अफ्ठ्यारो नआओस भन्नका लागि सम्झौताको हैसियत अन्तराष्ट्रिय सम्झौता सरह राखिएको हो। जसका कारण कार्यान्वयनका क्रममा यदि कुनै स्थानीय कानून बाझिएमा सम्झौतामा लेखिएको कुरा लागु हुन्छ। एमसिसी सहायताका अन्य देशका सम्झौतापनि यसै अवधारणा अनुरूप छन्।

**२५. भ्रम**: अन्य अनुदान सहायता सम्झौता संसदले अनुमोदन गर्नु नपर्ने तर एमसिसी अमेरिकाको स्वार्थका लागि संसदमा लगियो ।

**यथार्थ**: सम्झौतालाई संसदबाट अनुमोदन गर्नुपर्ने वा नपर्ने भन्ने विषयमा सम्झौतामा कुनै शर्त थिएन। नेपाल पक्ष भएका सबै सम्झौतालाई संसदीय अनुमोदन आवश्यक रहँदैन तर एमसीसी कम्प्याक्ट अनुमोदनको लागि किन संसदमा प्रस्तुत गर्नुपरेको हो भन्ने प्रश्न छ । एमसिसी कम्प्याक्ट सेप्टेम्बर, २०१७ मा हस्ताक्षर गरे पश्चात कुनै नयाँ घटनाक्रम वा सम्झौता हुन गएर नभई कम्प्याक्ट २०१७ मा हस्ताक्षर हुँदा अमेरिका (एमसीसी) र नेपाल सरकारको आपसी सहमतिमा कम्प्याक्टमा राखिएको प्रावधानको कारणले गर्दा संसद (प्रतिनिधि सभा) मा अनुमोदनको लागि प्रस्तुत गर्नुपरेको हो। सम्झौताको दफा ७.१ मा' प्रस्तुत सम्झौता लागू भएपश्चात प्रस्तुत सम्झौता र नेपालको राष्ट्रिय कानून बाझिएमा प्रस्तुत सम्झौता लागु हुनेछ' भनिएको छ । त्यस्तै दफा ६. ४ मा यो अन्तराष्ट्रिय सम्झौता भएको र यसमा अन्तराष्ट्रिय कानूनका सिद्धान्तहरू लागु हुनेछ' भन्ने व्यवस्था छ। सम्झौतामा रहेको यो व्यवस्थाका आधारमा नेपालको कानुन मन्त्रालयले' यो अन्तराष्ट्रिय सम्झौताको हैसियत प्राप्त गर्न नेपाल सन्धि ऐनको व्यवस्था अनुसार संसदको अनुमोदन आवश्यक छ भन्ने निष्कर्ष सहित २०७५ कार्तिक २६ गते राय दियो। यसकै आधारमा केपी ओली नेतृत्वको सरकारले अनुमोदनका लागि संसदमा पेश गरिएको थियो । सन्धि ऐनको दफा (९) को उपदफा (१) ले सन्धि र प्रचलित कानून बाझिएमा संसदबाट अनुमोदित सन्धि-सम्झौताको प्रावधानमात्र नेपाल कानून भन्दा माथि रहेर नेपाल कानून सरह स्वतः क्रियाशील हुने उल्लेख गरेको छ।

सन्धिको प्रमुख विशेषता भनेको नेपाल देशको आन्तररिक कानून अथवा नेपालको सन्दर्भमा नेपालको कानून सरह लागु गरिनु पर्छ भन्ने हो। अन्तराष्ट्रिय कानून र नेपालको सन्धि ऐनले अंगिकार गरेको प्रमुख सिद्धान्त पनि यहि हो । सन्धीमा हस्ताक्षर गरिसकेपछि त्यसले पारित हुनु अघि वा पछि संसदको भूमिका खोज्छ नै। कुनै सन्धिको पक्ष राष्ट्र हुन त्यस्तो सन्धिलाई संसदले अनुमोदन गरेको छैन भने त्यस्तो सन्धिको व्यवस्था कार्यन्वयन गर्न कि त नयाँ कानून बनाउनु पर्छ या नेपाल कानुनसँग सन्धि बाझिएको छ भने नेपालको कानून नै परिवर्तन गर्नुपर्छ। यसको अर्थ के हो भने यस्तो अन्तराष्ट्रिय सम्झौता संसदबाट पारित नगरेको अवस्थामा त्यो सम्झौतासंग बाँझियो भने संसदले कानून वनाउनुपर्छ वा संशोधन गर्नुपर्छ । यदि सम्झौतामा उल्लेखित कुनै प्रावधान प्रचलित कानूनसंग बाझिएमा कानून संशोधन गर्ने वा नयाँ कानून बनाउनु पर्ने हुन्छ। यस्ता धेरै उदाहरणहरू नेपालकै पनि छन । लागि नेपालले लगानी प्रवर्द्धन तथा संरक्षण सम्झौता (बिप्पा) वेलायत, जर्मनी, फ्रान्स, फिनल्याण्ड सँग गरेको छ। यी सन्धि संसदबाट अनुमोदित छैनन् । यद्यपि यस्ता विभिन्न मुलुकसँग गरिएको बिप्पा सन्धिमा नेपालले ती देशका विदेशी लगानीकर्तालाई  राष्ट्रिय व्यवहार गर्ने दायित्व लिएको छ, त्यसै अनुरूपको दायित्वलाई पुरा गर्न राष्ट्रिय व्यवहार (National Treatment) को प्रावधान विदेशी लगानी तथा प्रविधि हस्तान्तरण ऐन २०७५ सालमा जारी गर्दा यहि संसदले व्यवस्था गरेको हो जवकी विप्पा सम्झौता पहिला नै भएको थियो ।

त्यस्तै, नेपाल Convention on International Trade in Endangered Species of Wild Fauna and Flora, 1973 (CITES Convention) मा सम्मिलिन १९७५ सालमा भएको हो। उक्त सन्धिलाई कार्यन्वयन गर्न सङ्कटापन्न वन्यजन्तु तथा वनस्पतिको अन्तर्राष्ट्रिय व्यापार नियन्त्रण ऐन २०७३ सालमा यो संसदले जारि गरेको हो ।

अर्को उदाहरण हेर्ने हो भने, नेपाल Convention on the Recognition and Enforcement of Foreign Arbitral Awards, 1958 को पक्ष राष्ट्र २०५४ सालमा भयो र त्यस सन्धि अंतर्गतको दायित्व पुरा गर्न अर्थात् विदेशमा भएको मध्यस्थको निर्णय नेपालमा कार्यन्वयन गर्न मध्यस्थ ऐन २०५५ जारी गर्दा दफा ३४मा सो सम्बन्धि व्यवस्था गरियो ।

माथिका उदाहरणले नै प्रष्ट हुन्छ, यो सम्झौता संसदबाट अनुमोदन नगरेको भए तापनि भविष्यमा कुनै कानून बाझिएमा ती कानून संशोधन गर्नुपर्थ्यो वा नयाँ कानून बनाउनै पर्थ्यो । अर्थात कुनै न कुनै रूपमा सम्झौता संसदमा पुग्थ्यो ।

**२६. भ्रम**: नेपालको प्रचलित कानुनसित एमसिसी सम्झौताका दफा बाँझिएमा सम्झौताको शर्त कायम रहने भनेको अमेरिकी कानून लागु हुन्छ ।

**यथार्थ**: एमसिसी सम्झौताको धारा ७.१ मा लेखिएको छ– यस सम्झौताको दफासँग नेपालको प्रचलित कानुन बाझिएमा नेपालको कानुन लागू नभई सम्झौताका शर्त लागू हुनेछ।

उक्त दफा ७.१ को व्यवस्था नेपाल कानुन र अन्तर्राष्ट्रिय कानुनबमोजिम रहेको पाइन्छ। किनभने नेपालको सन्धि ऐन–२०४७ को दफा ९ मा 'नेपाल पक्ष भएको सन्धिको व्यवस्थासँग नेपालको प्रचलित कानुन बाझिएमा प्रचलित कानुन लागू नभई सन्धिको प्रावधान नेपाल कानुनसरह लागू हुनेछ' भन्ने व्यवस्था छ। यस कारण सम्झौताको यो व्यवस्था नेपाल कानुनसम्मत छ ।

त्यसबाहेक भियना महासन्धि १९६९ को धारा २७ मा पनि भनिएको छ– दुई देशबीच सम्पन्न सम्झौताका शर्तहरू राष्ट्रिय कानुन बाझिएमा राष्ट्रिय कानुन लागू नभई पक्षहरूबीच सम्पन्न सम्झौताका शर्त लागू हुनेछ ।

उक्त भियना महासन्धिलाई नेपालले सन् १९७१ मा अनुमोदन गरिसकेको छ। त्यसैले महासन्धिको व्यवस्था नेपालको कानुनसरह मानिन्छ भनेर नेपाल सन्धि ऐन–२०४७ को दफा ९ मा भनिएको छ। एमसिसी सम्झौताको दफा ७.१ को व्यवस्था नेपाल कानुन र भियना महासन्धिको व्यवस्था अनुरूप नै भएकाले नेपालको कानुन उल्लंघन हुने/नहुने भन्ने प्रश्न नै नरहने स्पष्ट छ।

**२७. भ्रम**: अब एमसिसी सम्झौताका विषयमा दुई देशबीच विवाद उठेमा अमेरिकी कानुन लागू हुन्छ ।

**यथार्थः** दफा ६.४ मा यसलाई अन्तर्राष्ट्रिय सम्झौता भनेर स्वीकारिएको छ। त्यसैले यो सम्झौता अन्तर्गत विवाद उठेमा अन्तर्राष्ट्रिय कानुन लागू हुने व्यवस्था छ। सम्झौताको व्याख्या र कार्यान्वयनका सम्बन्धमा कुनै विवाद उठे, त्यसको समाधान भियना महासन्धि– १९६९ बमोजिम गरिनुपर्ने व्यवस्था छ। तसर्थ कुनै विवाद उठे त्यसको समाधान दुवै देशको कानुनअनुसार नभई अन्तर्राष्ट्रिय कानुनअनुसार हुनेछ।

**२८. भ्रमः** नेपालमा एमसिसी अनन्तकालसम्म रहन्छ। आयोजनाको ५ वर्षे अवधिपछि पनि यो सम्झौताको प्रावधान लागु हुन्छ ।

**यथार्थः** सम्झौताको दफा ५.५ र कार्यान्वयन सम्झौताको दफा ५.८ मा सम्झौताको समाप्ति, निलम्बन वा अन्त्यपछि पनि लागू हुने भनी गरिएका व्यवस्थालाई लिएर यी सम्झौता आयोजनाको पाँच वर्षे अवधिपछि पनि अनन्त कालसम्म लागू हुने भनी अपव्याख्या गरिएको छ । तर कार्यान्वयनको प्रक्रिया पाँच वर्षको अन्तिम दिन रोकिने भए पनि कार्यसम्पादनको प्रतिवेदन तयारी, लेखापरीक्षण, सम्पत्ति हस्तान्तरण, मूल्याङ्कन, बौद्धिक सम्पत्तिको उपभोग जस्ता कार्यहरू बाँकी नै रहने र ती कार्यलाई निरन्तरता दिनुपर्ने अवस्था भएकोले मात्र उक्त व्यवस्था गरिएको हो र यो व्यवस्था यस्तै अवस्थाका सन्दर्भमा मात्र गरिएको हो ।

सोही दफामा उल्लेख भए अनुसार सम्झौताको अवधि सकिएको भए पनि एमसीसीको बाँकी रहन गएको अनुदान रकम अमेरिकी नीति विपरित प्रयोग गर्न पाइँदैन (दफा २.७), करसम्बन्धी फरफारकका लागि दफा २.८ मा गरिएको करसम्बन्धी व्यवस्था सम्झौताको अवधि पूरा भएको १२० दिनसम्म पनि प्रभावी रहनेछ । यसैगरी दफा ३.२ (च) मा व्यवस्था गरिएको बौद्धिक सम्पत्तिसम्बन्धी व्यवस्थाले निरन्तरता पाउने व्यवस्था, दफा ३.७ मा उल्लेख गरिएको अभिलेख राख्नुपर्ने तथा एमसीसीले जहिले पनि निरीक्षण गर्नपाउने व्यवस्था, दफा ३.८ मा गरिएको लेखापरीक्षणसम्बन्धी व्यवस्था, दफा ५.२ मा गरिएको पाँच वर्षमा कोष खर्च नभएमा कम्प्याक्ट रद्द गर्ने व्यवस्था, दफा ५.२ र ५.३ मा गरिएको खर्च नभएको कोष र त्यसमा आर्जन गरिएको ब्याज फिर्ता गर्ने व्यवस्था तथा दफा ६.४ मा गरिएको सम्झौता सम्पन्न भए पनि केही विषय उठेमा अन्तरराष्ट्रिय कानुन बमोजिम व्याख्या गर्ने व्यवस्थाले सम्झौता समाप्तिपछि पनि यसले निरन्तरता पाउने व्यवस्था गरिएको छ । यस सम्झौतामा लेखिएको वाहेक नेपालले कुनै पनि दायित्व वहन गर्न पर्दैन ।

यस सम्झौतामा उल्लेखित यी प्रावधान र हाल कार्यान्वयनमा रहेका अरूण–३ को सम्झौता, एसियाली विकास बैंकको ऋण सहयोग, मेलम्ची आयोजनाको ऋण सहयोग आदि नेपालले हस्ताक्षर गरी कार्यान्वयनमा गइसकेका सम्झौतामा अन्त्य हुने प्रावधानहरू सवैका एकैखाले छन्, अर्थात यो प्रचलित प्रचलन हो ।

**२९. भ्रमः** एमसिसी अनुदान अन्तर्गतका परियोजना र त्यसको कामसंग सम्बन्धित आवश्यक सवै सामान तथा उपकरणहरू एमसिसीले खरिद गर्छ । हतियार ल्याए पनि नेपालले सोध्न पाउँदैन।

**यथार्थ**: एमसिसी सम्झौता अन्तर्गत निर्माण गरिने आयोजनाहरूका लागि आवश्यक सवै सामग्रीको खरिद अन्तराष्ट्रिय मापदण्ड अनुसार हुन्छन । ती मापदण्डहरू एमसिए नेपालको वेवसाइटमा अहिले पनि उपलब्ध छन् । यसको खरिद प्रक्रिया पारदर्शी हुन्छ। ति समान तथा उपकरणहरूको वारेमा सोध्ने मात्र होइन सुरक्षा चेकजाँच समेत प्रचलित नेपाल कानून अनुसार नेपाल सरकारले गर्ने हो । एमसिसी अनुदान सहयोगको रकम सैन्य गतिविधिमा प्रयोग गर्न पूर्णतः निषेध छ । एमसिसी परियोजनाको सुरक्षा नेपाल आफैले गर्ने हो ।

३०. **भ्रम**: एमसीसी सहायता परियोजनामा काम गर्ने कर्मचारीले नेपालमा जुनसुकै अपराध गरेपनि नेपालले केही गर्न पाउँदैन । नेपालको कानुन उनीहरूलाई लाग्दैन । यस्तो व्यवस्था कुनै पनि सम्झौतामा हुँदैन, यो सम्झौतामा विशेष व्यवस्था राखिएको छ । यसले नेपालमा असुरक्षा हुने भयो ।

**यथार्थ**: यसमा बुझ्नुपर्ने कुरा के छ भने एमसिसी र एमसिए–नेपाल फरक निकाय हुन । एमसिसी अमेरिकी सरकार अन्तर्गतको निकाय हो भने एमसिए नेपाल विकास समिति नेपाल सरकार अन्तर्गतको निकाय हो। यो परियोजनाको कार्यान्वयन एमसिए नेपाल विकास समितिले गर्ने हो । एमसिए नेपाल विकास समिति अन्तर्गतका रहेर एमसिसी सहायता परियोजनामा काम गर्ने जति पनि कर्मचारी हुन उनीहरूलाई नेपालको कानून लाग्छ । जहाँसम्म कुटनीतिक कर्मचारीको कुरा छ त्यो कतिपय अवस्थामा अन्तराष्ट्रिय प्रचलन र कानून आकर्षित हुन्छ । अन्य देशमा जुन व्यवस्था छ यसमा पनि त्यही व्यवस्था रहन्छ, जसरी नेपालका कुनै कर्मचारी विदेशी नियोग वा कुटनीतिक निकायमा रहँदा वा विदेश जाँदा कुटनीतिक संरक्षण रहन्छ, वा नेपालमा रहेका विदेशी कुटनीतिक नियोग वा निकायमा रहेका कर्मचारीको हकमा व्यवस्था छ । कुटनीतिक कर्मचारीको हकमा यो प्रचलन नयाँ होइन र यो सम्झौतामा मात्र रहेको विशेष व्यवस्था पनि होइन ।

विदेशी राज्यका कर्मचारीहरूलाई न्यूतनम कुटनैतिक संरक्षण दिने विषय अस्वभाविक होईन । नेपालका कर्मचारीहरूले पनि विदेश भ्रमण गर्दा यस्तो सुविधा पाउँछन् । नेपालकै विदेशी राज्य र कुटनैतिक प्रतिनिधिको सुविधा तथा उन्मुक्ति ऐन, २०२७ (जसलाई २०७४ संशोधन समेत गरिएको छ) ले यस सन्दर्भमा हाम्रो कानूनी व्यवस्था गरेको छ ।

यदि त्यस्तो व्यवस्थाबाट नेपालको राष्ट्रिय सुरक्षामा आघात हुने अवस्था सृजना भए,त्यस अवस्थामा पनि अन्तराष्ट्रिय कानून बमोजिमको उपचार हुन्छ, कसैलाई पनि छुट हुँदैन । यो अन्तराष्ट्रिय कानून र कुटनीतिक सम्बन्धको आधारभूत मध्येको एक अवधारणा हो । यसलाई अतिरञ्जना गर्ने प्रयास र अर्को प्रोपोगान्डा बाहेक केही होइन ।

अन्त्यमा,

नेपाली कांग्रेसले आफ्ना नीति, निर्णय र कार्यक्रमलाई सही ढङ्गले जनतामा समयमा नै सम्प्रेषण गर्न नसक्दा त्यसबाट बनेको खाली मैदानमा अन्य दलहरूले खेल्ने र भ्रमको खेती गर्ने ठाँउ पाए । इतिहासका धेरै घटनाहरूमा जनता र मतदातामा नेपाली कांग्रेस पार्टीका विरूद्ध संगठित ढङ्गले झुटा प्रचार गरिरहँदा पनि हामीले पर्याप्त ढङ्गले प्रतिवाद गर्न चुक्यौं वा गर्न चाहेनौं । हामीले गरेका कर्म र उनीहरूले गरेका कुकर्म भन्न चुक्यौं । परिणाम उनीहरूले फैलाएका भ्रमले नै जनतामा ठाँउ पायो । २०४६ सालको जनआन्दोलन पश्चात र विशेषगरी २०४८ सालमा कांग्रसले जुन आर्थिक नीति लियो त्यसपछि फरकफरक विचार र दर्शन बोकेका दलहरू सत्तामा पुगे, उनीहरूले पनि सो नीतिभन्दा फरक प्रस्तुती गरेनन तर त्यसको आलोचना भने कांग्रेसले खेपिराख्नु पर्‍यो । २०६२/०६३ सालको जनआन्दोलनपश्चात त झन सवैभन्दा वढि (१२ मध्ये ७ पटक कम्युनिष्ट प्रधानमन्त्री भए भने ४ पटक कांग्रेसबाट प्रधानमन्त्री भए । २०६३ सालमा गिरिजाप्रसाद कोइराला२०७१ सालमा शुशील कोइराला, २०७४ सालमा र अहिलेको सरकार बाहेक सवै सरकारको नेतृत्व कम्युनिष्ट पार्टीले गरेका छन (खिलराज रेग्मी नेतृत्वको सरकार वाहेक) र यी तीनवटै सरकारमा पनि ति कुनै न कुनै  दलहरू सामेल थिए । अर्थात २०६२/०६३ पश्चात बनेका सरकारमा उनीहरूको संलग्नता रहेको छ । तर, यो वेलामा अत्यन्त कम सरकारमा रहेको र नेतृत्व गर्दा समेत कांग्रेसले सफलतापूर्वक संविधानसभा निर्वाचन गरेको, संविधान निर्माण गरेको र निर्वाचन सम्पन्न गरेको तथ्यका बावजुद आम जनतामा भने कांग्रेसले नै विगारेको भन्ने भाष्य सृजना गरिएको छ ।

नेपालको विकास र एमसिसी अनुदान सहायता सम्झौता प्रक्रियाका सन्दर्भमा माथि उल्लेख गरिएका सवैजसो दलहरू संलग्न भएर पनि कांग्रेसको कारण भएको भन्ने भाष्य स्थापित गर्ने प्रयत्न भयो । अन्ततः सवैजसो मुख्य  दलहरू प्रत्यक्ष-परोक्ष रूपमा एमसिसी अनुमोदनको पक्षमासंगै त्यसको केही हदसम्म चिरफार भएको छ। तर अझै केही भ्रम भने यथावत छन । यस पुस्तिका मार्फत नेपाली कांग्रेसले एमसिसी अनुदान सहायता परियोजनाको रक्षा गर्न खोजेको होइन । सत्य तथ्य वताउन खोजेको भने पक्कै हो । यस विषयमा जनतालाई सही ढङ्गले सु-सुचित गर्न सकिएन भने फेरी यही खाली मैदानमा उत्तेजना र प्रोपोगाण्डाको राजनीतिले ठाउँ पाइरहनेछ । हामीले सु-सूचित नगर्दा भ्रम स्थापित गर्नेलाई सहज हुन्छ । त्यसैले यसलाई चिर्ने र जनतालाई सही कुरा वताउनु पार्टीको कर्तव्य हो । नेपाली कांग्रेस पार्टीका सम्पूर्ण तह र तप्काले देहायका नीतिगत कुरामा प्रष्ट रहँदै जनताका वीचमा गएर एमसिसीका सन्दर्भमा उठेका भ्रमलाई चिर्नुपर्दछ।

१. नेपाली कांग्रेस नेपालको संविधान, सयुंक्त राष्ट्रसंघको बडापत्र, असंलग्नता र पञ्चशीलको सिद्धान्त, अन्तराष्ट्रिय कानूनका आधारमा राष्ट्रको सर्वोपरी हितलाई ध्यानमा राखि नेपालले स्वतन्त्र परराष्ट्र नीति संचालन गर्नुपर्छ, कुनै पनि देश विरूद्ध नेपाल कहिल्यै प्रयोग नहुने र कुनै पनि शैन्य गठबन्धनमा नेपाल कहिल्यै संलग्न नहुने कुरामा प्रष्ट छ।

२. नेपाली कांग्रेस आजको अवस्थामा नेपालको आर्थिक र विशेष गरी पूर्वाधार विकासको

आवश्यकता र त्यस्तो विकासका लागि आवश्यक पर्ने पूँजीको बीचको अन्तरलाई कम गर्न नेपालमा अन्तराष्ट्रिय सहायता आवश्यक छ र कुनै पनि त्यस्तो अन्तराष्ट्रिय सहयोग,सहायता र सहकार्य हुँदै गर्दा सदैव नेपालको राष्ट्रिय हित केन्द्रविन्दुमा रहनुपर्दछ भन्ने ठान्दछ ।

३. नेपाली कांग्रेस सबै मित्र राष्ट्रहरूसंग सुमधुर सम्बन्ध कायम राख्दै, राष्ट्रिय आवश्यकता, विकास र समुन्नतिको राष्ट्रिय स्वार्थलाई मध्येनजर गर्दै नेपालको विकास प्रक्रियालाई गति प्रदान गर्न भारत, चीन, जापान, अमेरिका, युरोपियन युनियन लगायत सबै मित्रराष्ट्रहरू र अन्तराष्ट्रिय संस्थासंग सम्मानपूर्ण ढङ्गबाट सहयोग जुटाउनुपर्छ र सहकार्य गर्नुपर्छ भन्ने विषयमा स्पष्ट छ ।

४. नेपाली कांग्रेस अन्तराष्ट्रिय सहायता लिंदा हाम्रो प्रयास र प्राथमिकता ऋण भन्दा अनुदान सहयोगका लागि रहनुपर्छ र त्यसरी प्राप्त हुने सहयोग अनुदानलाई नेपालले आफ्नो हित र प्राथमिकताको क्षेत्रमा उच्चतम प्रयोग हुने गरी स्वीकार गर्नुपर्छ भन्ने ठान्दछ ।

५. नेपाली कांग्रेसको धारणा नेपालले अनन्त समयसम्म अन्तराष्ट्रिय सहायता लिनुपर्छ भन्ने पटक्कै होइन । हाम्रो अर्थतन्त्र र पूर्वाधार निर्माणको क्षेत्रमा निश्चित मुकाम र उपलब्धि हासिल गरेपश्चात यस्तो अन्तराष्ट्रिय सहायता लिनु आवश्यक हुँदैन । नेपाली कांग्रेस नेपाल आर्थिक विकासको आवश्यकता आफैले पूर्ति गर्नसक्ने अवस्थामा पुग्नुपर्छ, दीर्घकालिन रूपमा नेपालको अर्थतन्त्रलाई आफ्नै स्रोतले धान्नसक्ने अबस्थामा पूर्‍याउनपर्छ र सहायता लिने राष्ट्रबाट सहायता दिने दातृ राष्ट्रमा नेपाललाई रूपान्तरित गर्ने लक्ष्य लिनुपर्छ भन्ने कुरामा नेपाली काँग्रेस दृढ संकल्पित छ ।

६. आर्थिक कुटनीति मार्फत पूर्वाधार विकासमा स्रोत जुटाउने विषय नेपालको निरन्तरको राजनीतिक प्रक्रिया हो। नेपालले अमेरिकी सरकारको मिलेनियम च्यालेन्ज कर्पोरेसन (MCC) बाट प्राप्त अनुदान सहायतालाई त्यही प्रक्रियाको रूपमा लिन्छ र नेपाली कांग्रेस यो नेपालको आवश्यकता र प्राथमिकता अनुरूप छनोट भएको हो भन्ने कुरा प्रष्ट गर्न चाहन्छ।

अत; नेपाली कांग्रेस पार्टीको विभिन्न तहमा क्रियाशील नेतृत्व र सदस्य साथीहरूले आ–आफ्नो क्षेत्र, टोलमा पुगेर जनतालाई वास्तविकता वताउन, अन्य दलहरू र व्यक्तिले छरेका भ्रमको चिरफार गर्न तथा सत्य तथ्यमा टेकेर वैचारिक प्रतिवाद गर्नु पर्दछ । यसले नै जनतामा भ्रम र उत्तेजना फैलाएर राजनीति स्वार्थ पुरा गर्ने प्रवृत्तिको अन्त्य गर्न सक्छ ।

जय नेपाल !

मितिः २०७८ फागुन २५

अनुसूची १

| मिति | काम | प्रधानमन्त्री |
|---|---|---|
| 2010, January 29<br><br>२०६६ माघ १५ | परराष्ट्र मन्त्रालयसँगको परामर्शमा राजदुत डा. शंकर शर्माले तत्कालिन VP तथा प्रमुख कार्यकारी अधिकृतसँग भेटी नेपालका लागि MCC को सम्भावित सहयोग बारे छलफल<br><br>उक्त रिपोर्ट तत्कालिन उपप्रधानमन्त्री तथा परराष्ट्र मन्त्रालयमा २०६७ जेठ ११ मा प्रस्तुत | प्रधानमन्त्रीः माधव कुमार नेपाल<br><br>उपप्रधान तथा परराष्ट्र मन्त्रीः सुजाता कोइराला |
| (28 Sept 2010)<br><br>२०६७ साल असोज १२ | अमेरिकामा हुने विश्व बैंक समूह र अन्तर्राष्ट्रिय मुद्रा कोषको संयुक्त बैठकमा सहभागी हुन मा. मन्त्रीको नेतृत्वमा प्रतिनिधिमण्डल गठन गरी त्यसतर्फ पठाउने मन्त्रीपरिषदको निर्णय । | प्रधानमन्त्रीः माधव कुमार नेपाल<br><br>अर्थ मन्त्रीः सुरेन्द्र पाण्डे |
| 2011, April 14<br><br>२०६८ साल बैसाख १ | तत्कालिन उपप्रधान तथा अर्थ मन्त्रीले २०६७ साल चैत ३० देखि २०६८ साल वैशाख ४ गतेसम्म संयुक्त राज्य अमेरिकाको आधिकारिक भ्रमणका क्रममा नेपालको विकास निर्माण कार्यका लागि अझै सहयोग प्राप्त गर्नका लागि नेपाललाई मिलेनियम च्यालेन्ज कर्पोरेशनमा सहभागी गराउन आग्रह । | प्रधानमन्त्रीः झलनाथ खनाल<br><br>अर्थमन्त्रीः भरतमोहन अधिकारी |
| २०६८-०६९ | - एमसिसीसँग समन्वय गर्नका लागि वैदेशिक सहायता समन्वय महाशाखाका प्रमुखलाई सम्पर्क अधिकृत नियुक्त<br><br>- नेपाल एमसिसी थ्रेसहोल्ड कार्यक्रममा छनोट भएको जानकारी पत्र प्राप्त | प्रधानमन्त्रीः बाबुराम भट्टराई<br><br>अर्थमन्त्रीः वर्षमान पुन |

| | | |
|---|---|---|
| २०६९–०७० | Constraints Analysis को लागि नेपाली अर्थशास्त्रीको समूह गठन | मन्त्रीपरिषदः अध्यक्ष खिलराज रेग्मी अर्थमन्त्रीः शंकरप्रसाद कोइराला |
| २०७०–७२ | – एमसिसीले नेपाललाई कम्प्याक्टका लागि छनोट गरेको जानकारी प्राप्त<br>– पुर्व सचिब श्री कृष्ण झवालीलाई कम्प्याक्ट कार्यक्रम तयारीका लागि राष्ट्रिय संयोजक<br>– सम्भावित आयोजनाबारे अध्ययन गर्नका लागि प्राविधिक अनुदान सहायता स्वीकार गर्नेसम्बन्धी सम्झौता | प्रधानमन्त्रीः शुसील कोइराला<br>अर्थमन्त्रीः डा. रामशरण महत |
| २०७१ चैत्र २६ को मन्त्रिपरिषदको निर्णय | एमसिसीको कम्प्याक्ट कार्यक्रम तयार गर्ने कार्य व्यवस्थित एवम निर्देशन गर्न अर्थमन्त्रीको संयोजकत्वमा राष्ट्रिय योजना आयोगका उपाध्यक्ष, मुख्य सचिव लगायत विभिन्न निकायका पदाधिकारी, प्रतिनिधिहरू सदस्य रहेको निर्देशक समिति गठन | प्रधानमन्त्रीः शुसील कोइराला<br>अर्थमन्त्रीः डा. रामशरण महत |
| २०७२ पुस १० को मन्त्रिपरिषदको निर्णय | एमसिसीको कम्प्याक्ट कार्यक्रम तयार गर्ने कार्य व्यवस्थित एवम निर्देशन गर्न गठन भएको निर्देशक समितिको पुनर्गठन गर्ने | प्रधानमन्त्रीः केपी शर्मा ओली<br>अर्थमन्त्रीः बिष्णु पौडेल |

| | | |
|---|---|---|
| २०७३ असार ३१ मन्त्रिपरिषदको निर्णय | - कम्प्याक्टको मस्यौदा तयार गर्ने र सम्भावित आयोजनाबरे अध्ययन गर्नका लागि प्राविधिक अनुदान सहायता स्वीकार गर्ने सम्बन्धी सम्झौता<br><br>- Millennium Challenge Corporation (MCC) वाट कम्प्याक्ट कार्यक्रम तयारीका लागि करीव १ अर्ब १३ करोड रूपैया वरावरको सहायता (१०.७५ मिलियन अमेरिकी डलर) प्राप्त गर्ने निर्णय | प्रधानमन्त्रीः केपी शर्मा ओली<br><br>अर्थमन्त्रीः बिष्णु पौडेल<br><br>उपप्रधानमन्त्रीहरूः<br><br>उपप्रधान तथा रक्षामन्त्री : भीम रावल<br><br>उपप्रधान तथा परराष्ट्रमन्त्रीः कमल थापा<br><br>उपप्रधान तथा सहकारी तथा गरीबी निवारण मन्त्री : चित्रवहादुर केसी<br><br>उपप्रधान तथा महिला तथा बालबालिका मन्त्रीः सिपी मैनाली<br><br>उपप्रधान तथा उर्जा मन्त्रीः टोपवहादुर रायमाझी<br><br>वनमन्त्रीः अग्नी सापकोटा<br><br>श्रम तथा रोजगार मन्त्रीः दिपक बोहरा |
| २०७३ साउन ७ को मन्त्रिपरिषदको निर्णय | Millennium Challenge Corporation (MCC) को सहयोगमा संचालन हुने कम्प्याक्ट कार्यक्रम तयार गर्ने कार्यको लागि राष्ट्रिय संयोजकमा सूर्यप्रसाद आचार्यलाई नियुक्त गर्ने निर्णय | प्रधानमन्त्री केपी शर्मा ओली<br><br>अर्थमन्त्री बिष्णु पौडेल |
| २०७३ असोज ६ को मन्त्रिपरिषदको निर्णय | Millennium Challenge Corporation (MCC) को सहयोगमा संचालन हुने कम्प्याक्ट कार्यक्रम तयार गर्ने कार्यको लागि गठन भएको विज्ञ समुहको राष्ट्रिय संयोजकमा तुल्सी प्रसाद सिटौलालाई नियुक्त गर्ने निर्णय । | प्रधानमन्त्रीः पुष्पकमल दाहाल<br><br>अर्थमन्त्रीः कृष्ण बहादुर महरा |

| | | |
|---|---|---|
| २०७३ चैत्र २३<br>एड मेमोरियर<br>(05, April, 2017) | - ३.१ कम्प्याटको कानूनी हैसियत ।<br>- नेपालको संविधान कम्प्याक्ट भन्दा माथि हुनेछ ।<br>- कम्प्याप्ट अन्तराष्ट्रिय सम्झौता सरह रहनेछ अन्तराष्ट्रिय कानून लागु हुन्छ ।<br>- नेपालको अन्य कानूनसंग बाझिएमा कम्याप्ट लागु हुनेछ । | प्रधानमन्त्री: पुष्पकमल दाहाल<br>अर्थमन्त्री: कृष्ण बहादुर महरा |
| २०७४ जेठ १९<br>(मन्त्रिपरिषदको निर्णय) | Millennium Challenge Corporation (MCC) बाट अनुदान सहायता प्राप्त गर्न वार्ता टोली गठन गर्ने निर्णय । | प्रधानमन्त्री: पुष्पकमल दाहाल<br>अर्थमन्त्री: कृष्ण बहादुर महरा |
| २०७४ साउन १९<br>(मन्त्रिपरिषदको निर्णय) | - सहायता स्वीकार गर्ने विषयमा मन्त्रिपरिषद् मा प्रस्ताव पेश र स्वीकृति<br>- सम्झौतामा हस्ताक्षर गर्न तत्कालीन अर्थमन्त्री समेतको टोलीलाई अख्तियारी दिने मन्त्रिपरिषद्को निर्णय। | प्रधानमन्त्री: शेर बहादुर देउवा<br>अर्थमन्त्री: ज्ञानेन्द्रबहादुर कार्की |
| २०७४ भदौ २९ | मिलेनियम च्यालेञ्ज कम्प्याक्ट (MCC) मा हस्ताक्षर | प्रधानमन्त्री: शेर बहादुर देउवा<br>अर्थमन्त्री: ज्ञानेन्द्रबहादुर कार्की |
| २०७४ चैत्र २० को मन्त्रिपरिषदको निर्णय<br>२०७५ वैशाख ५ गते राजपत्रमा प्रकाशित | मिलेनियम च्यालेञ्ज एकाउन्ट नेपाल विकास समिति गठन आदेश २०७४ जारी, २०७५ वैशाख ५ मा राजपत्रमा प्रकाशित गरी विकास समितिको गठन | प्रधानमन्त्री: केपी शर्मा ओली<br>अर्थमन्त्री: युवराज खतिवडा |
| २०७५ असोज ५ को मन्त्रिपरिषदको निर्णय | कम्याक्ट अन्तर्गतको प्रसारण लाइन आयोजनाहरू राष्ट्रिय गौरवको आयोजनामा समावेश गर्ने निर्णय | प्रधानमन्त्री: केपी शर्मा ओली<br>अर्थमन्त्री: युवराज खतिवडा<br>उर्जामन्त्री: वर्षमान पुन |

| | | |
|---|---|---|
| २०७५ कार्तिक २६ कानून मन्त्रालयको पत्र | सम्झौता प्रतिनिधिसभाको सामान्य वहुमतबाट अनुमोदन गर्नुपर्ने राय व्यक्त | प्रधानमन्त्रीः केपी शर्मा ओली<br>कानूनमन्त्रीः भानुभक्त ढकाल |
| २०७५ माघ २५<br>(मन्त्रिपरिषदको निर्णय) | अनुदान सम्झौता अनुमोदनका लागि प्रतिनिधिसभामा पेश गर्ने निर्णय। | प्रधानमन्त्रीः केपी ओली<br>अर्थमन्त्रीः युवराज खतिवडा |
| २०७६ असार ३० | सम्झौता अनुमोदनका लागि प्रतिनिधिसभामा दर्ता | प्रधानमन्त्रीः केपी शर्मा ओली<br>अर्थमन्त्रीः युवराज खतिवडा |
| २०७६ मंसिर २० | Project Cooperation Agreement(PCA) मा हस्ताक्षर<br>वन तथा वातावरण मन्त्रालय | वन तथा वातावरण मन्त्रीः शक्ति वस्नेत<br>अर्थमन्त्रीः युवराज खतिवडा |
| २०७७ चैत्र २ | Project Cooperation Agreement(PCA) मा हस्ताक्षर<br>(सडक विभाग, भौतिक पुर्वाधार तथा यातायात मन्त्रालय) | प्रधानमन्त्रीः केपी ओली<br>अर्थमन्त्रीः विष्णु पौडेल<br>भौतिक पुर्वाधार मन्त्री : वसन्त नेम्वाङ |
| २०७७ चैत्र ३० | Project Cooperation Agreement(PCA) मा हस्ताक्षर (विद्युत नियमन आयोग, उर्जा मन्त्रालय) | उर्जामन्त्रीः वर्षमान पुन<br>अर्थमन्त्रीः विष्णु पौडेल |
| २०७८ भदौ २३<br>8 Sept 2021 | MCC ले नेपाल सरकारले पठाएका प्रश्नको प्रष्टिकरण सहितको प्रतिउत्तर | प्रधानमन्त्रीः शेर बहादुर देउवा<br>अर्थमन्त्रीः जनार्दन शर्मा |
| २०७८ फागुन १५ | प्रतिनिधिसभाबाट व्याख्यात्मक घोषणा सहित एमसिसी अनुदान सहायता सम्झौता अनुमोदन। | प्रधानमन्त्रीः शेरबहादुर देउवा |

अनुसूची २

# Interpretative Declaration

## व्याख्यात्मक घोषणा

**Interpretative Declaration adopted by the House of Representatives at the ratification of the Millennium Challenge Compact signed on September 14, 2017 between Nepal, acting through the Government of Nepal, Ministry of Finance and the United States of America, acting through the Millennium Challenge Corporation.**

प्रतिनिधि सभाले नेपालको तर्फबाट नेपाल सरकार, अर्थ मन्त्रालय र संयुक्त राज्य अमेरिकाको तर्फबाट मिलेनियम च्यालेञ्ज कर्पोरेशनबीच २०७४ भदौ २९ (सेप्टेम्बर १४, २०१७) मा सम्पन्न अनुदान सहायता सम्झौता (Millennium Challenge Compact) को अनुमोदन गर्दा जारी गरेको व्याख्यात्मक घोषणा ।

**Preamble,**

प्रस्तावना,

**Bearing in mind the principles of international law including the principles of sovereign equality and territorial integrity of States and that of non-interference in the internal affairs of other States;**

सार्वभौमिक समानता र भौगोलिक अखण्डता तथा अन्य राज्यको आन्तरिक मामिलामा हस्तक्षेप नगर्ने अन्तर्राष्ट्रिय कानूनका सिद्धान्तलाई ध्यान दिँदै;

**Recalling Nepal's foreign policy of non-alignment, peaceful co-existence and mutual friendship;**

असंलग्नता, शान्तिपूर्ण सहअस्तित्व र आपसी मित्रतासम्बन्धी नेपालको परराष्ट्र नीतिको स्मरण गर्दै;

**Underscoring the importance of long standing friendship and co-operation between Nepal and the United States of America;**

नेपाल र संयुक्त राज्य अमेरिकाबीच लामो समयदेखि रहँदै आएको मैत्रीपूर्ण सम्बन्ध र सहयोगलाई महत्त्व दिँदै;

**Acknowledging the clarifications dated September 8, 2021 received by Nepal from the Millennium Challenge Corporation on the intent and application of the provisions**

**of the Compact;**

कम्प्याक्टमा रहेका प्रावधानहरूको आशय र प्रयोगका बारेमा मिलेनियम च्यालेञ्ज कर्पोरेशनबाट २०७८ भदौ २३ (सेप्टेम्बर ८, २०२१) मा नेपालले प्राप्त गरेको स्पष्टीकरणलाई जानकारीमा लिंदै;

**Affirming that the rules of customary international law, international conventions regulating treaties, state practice and laws of Nepal allow Nepal to make declarations to specify or clarify the meaning or scope attributed to a treaty or to certain provisions thereof;**

परम्परागत अन्तर्राष्ट्रिय कानूनका नियमहरू, सन्धिसम्बन्धी अन्तर्राष्ट्रिय कानून, राज्यहरूको अभ्यास तथा नेपाल कानूनबमोजिम नेपालले कुनै सन्धि वा सन्धिको प्रावधानको अर्थ वा दायरा निर्दिष्ट गर्न वा स्पष्ट गर्न घोषणा गर्न सक्ने कुरालाई पुष्टि गर्दै;

**Nepal declares as follows:**

नेपाल निम्नानुसार घोषणा गर्दछः

**1. Nepal declares that by being a Party to the Compact, Nepal shall not be a part of any United States' strategic, military or security alliance including the Indo-Pacific Strategy.**

१. कम्प्याक्टको पक्ष भएको कारण नेपाल संयुक्त राज्य अमेरिकाको हिन्द–प्रशान्त रणनीति (Indo-Pacific Strategy) लगायत कुनै पनि सामरिक, सैन्य वा सुरक्षा गठबन्धनमा आबद्ध भएको मानिने छैन भनी घोषणा गर्दछ।

**2. Nepal declares that the Constitution of Nepal, being the fundamental law of land, shall prevail over the Compact and other associated agreements.**

२. देशको मूल कानूनको रूपमा रहेको नेपालको संविधान कम्प्याक्ट र कम्प्याक्टसगँ सम्बन्धित अन्य सम्झौताहरू भन्दा माथि रहेको छ भनी घोषणा गर्दछ ।

**3. With reference to Section 2.7, Section 5.1 (b) (iii), Section 5.1 (b) (iv) of the Compact, Nepal understands that these sections are intended to apply only for the use of the MCC Funding and Program Assets and that the provisions do not and shall not obligate Nepal to comply with the current or future United StatesÚ laws or policies for any purpose other than the use of the MCC Funding.**

३. कम्प्याक्टको दफा २.७, दफा ५.१(ख)(३), दफा ५.१(ख)(४) को सम्बन्धमा कम्प्याक्टका ती दफाहरूको उद्देश्य एमसीसी अनुदान तथा परियोजनाको सम्पत्ति उपयोगका सन्दर्भमा मात्र लागू हुनेछ भन्ने बुझाइ नेपालको रहेको छ र ती प्रावधानले एमसीसीको अनुदानको प्रयोग

बाहेक अन्य कुनै पनि उद्देश्यको लागि हाल विद्यमान वा भविष्यमा निर्माण हुने अमेरिकी कानून वा नीतिहरूको पालना गर्न नेपाल बाध्य छैन भनी घोषणा गर्दछ।

4. **With reference to Section 3.2 (b) of the Compact, Nepal declares that the conduct of activities of Millennium Challenge Account Nepal Development Board (the "MCA-Nepal") shall be governed by the laws of Nepal and regulated by the provisions of the Compact.**

४. कम्प्याक्टको दफा ३.२ (ख) को सम्बन्धमा मिलेनियम च्यालेञ्ज एकाउण्ट नेपाल विकास समिति ("एमसीए–नेपाल") ले सञ्चालन गर्ने क्रियाकलाप नेपालको कानून द्वारा निर्देशित र कम्प्याक्ट अनुसार नियमित हुनेछ भनी घोषणा गर्दछ।

5. **With reference to Section 3.2 (f) of the Compact, Nepal declares that MCC shall not have ownership over the Intellectual Property and that Nepal shall own and fully enjoy all the Intellectual Property created under the Compact program.**

५. कम्प्याक्टको दफा ३.२(च) को सम्बन्धमा कम्प्याक्टको उपयोगबाट सृजना हुने बौद्धिक सम्पत्तिमाथि एमसीसीको स्वामित्व रहने छैन, कम्प्याक्ट कार्यक्रम अन्तर्गत सृजना हुने सम्पूर्ण बौद्धिक सम्पत्ति उपर नेपालको स्वामित्व रहनेछ र त्यसको पूर्ण उपयोग नेपालले गर्न पाउनेछ भनी घोषणा गर्दछ ।

6. **With reference to Section 3.5 of the Compact, Nepal declares that Implementation Letters under the Compact shall be implemented within the scope of the Compact.**

६. कम्प्याक्टको दफा ३.५ को सम्बन्धमा कार्यान्वयन पत्रहरू कम्प्याक्टको दायराभित्र लागू गरिनेछ भनी घोषणा गर्दछ ।

7. **With reference to Section 3.8 (a) of the Compact, Nepal declares that, in addition, the audits of all activities and funds of MCA-Nepal shall be conducted by Office of the Auditor General in accordance with the prevailing laws of Nepal.**

७. कम्प्याक्टको दफा ३.८ (क) को सम्बन्धमा एमसिए–नेपालका सबै क्रियाकलाप तथा कोषको लेखापरीक्षण प्रचलित नेपाल कानूनबमोजिम महालेखा परीक्षकबाट समेत हुनेछ भनी घोषणा गर्दछ ।

8. **With reference to Section 5.1 (a) of the Compact, Nepal declares that in addition to NepalÚs right to terminate the Compact without cause by giving thirty (30) days' prior written notice, Nepal has the right to terminate the Compact by giving thirty (30) days' prior written notice in case the activities÷program under the Compact violate Nepal's laws or policies.**

८. कम्प्याक्टको दफा ५.१ (क) को सम्बन्धमा नेपालले तीस (३०) दिनको लिखित पूर्व सूचना दिई बिना कुनै कारण कम्प्याक्ट अन्त्य गर्न पाउने अधिकारका अतिरिक्त कम्प्याक्ट अन्तर्गतका क्रियाकलाप/कार्यक्रम सञ्चालन गर्दा नेपालको कानून वा नीति उल्लङ्घन भएकोमा समेत तीस (३०) दिनको लिखित पूर्व सूचना दिई कम्प्याक्ट अन्त्य गर्न पाउने अधिकार राख्दछ भनी घोषणा गर्दछ ।

**9. With reference to Section 5.5 of the Compact, Nepal declares that provisions under the Compact which survive after the expiration, suspension or termination of the Compact shall only relate to the Compact Program and the use of MCC Funding including for evaluation of the projects under the Compact, audits and settlement of taxes.**

९. कम्प्याक्टको दफा ५.५ को सम्बन्धमा कम्प्याक्टको समापति, निलम्बन वा अन्त्यपछि पनि लागू हुने भनिएका प्रावधानहरू कम्प्याक्ट कार्यक्रम र एमसीसीको अनुदानको उपयोग लगायत कम्प्याक्ट अन्तर्गतका परियोजनाहरूको मूल्याङ्कन, लेखापरीक्षण र करको फरफारकको हदसम्म मात्र सान्दर्भिक हुनेछ भनी घोषणा गर्दछ ।

**10. With reference to Section 7.1 of the Compact, the programs under the Compact shall be implemented by complying with the Compact and in accordance with the domestic laws of Nepal.**

१०. कम्प्याक्टको दफा ७.१ को सम्बन्धमा कम्प्याक्ट अन्तर्गतका कार्यक्रमको कार्यान्वयन कम्प्याक्ट तथा नेपालको प्रचलित राष्ट्रिय कानूनबमोजिम हुनेछ भनी घोषणा गर्दछ ।

**11. With reference to Section 8.1 of the Compact, Nepal declares that the Electricity Transmission Project including all movable and immovable assets and land associated with the Project shall be owned by the Government of Nepal or entities of the Government of Nepal.**

११. कम्प्याक्टको दफा ८.१ को सम्बन्धमा विद्युत प्रसारण परियोजना (Electricity Transmission Project) लगायतका सबै चल तथा अचल सम्पत्ति र परियोजनासँग सम्बन्धित जग्गा नेपाल सरकार वा नेपाल सरकारका निकायहरूको स्वामित्वमा रहनेछ भनी घोषणा गर्दछ ।

**12. With reference to the letter dated September 8, 2021 received by Nepal from the Millennium Challenge Corporation, Nepal understands that the responses in the said letter shall aid in the interpretation and the implementation of the Compact.**

१२. कम्प्याक्टमा रहेका प्रावधानहरूको आशय र प्रयोगका बारेमा मिलेनियम च्यालेञ्ज कर्पोरेशनबाट २०७८ भदौ २३ (सेप्टेम्बर ८, २०२१) मा नेपालले प्राप्त गरेको स्पष्टीकरणले कम्प्याक्टको व्याख्या तथा कार्यान्वयनमा मदत गर्ने बुझाइ नेपालको रहेको छ ।

(मिति २०७८ फागुन १५ गते प्रतिनिधिसभाले गरेको व्याख्यात्मक घोषणा)